


# डाईरेक्टरका निर्देशिका

# सिमितता नभएको गन्तव्यमा तपाईलाई स्वागत छ!

VBS DESTINATION WITHOUT LIMITS

Where the way up is down. Matthew 10:39

तपाईले कति चोटि बच्चालाई सोध्नु भएको छ, "तिमी ठूलो भएपछी के बन्न चहान्छौ ?"

हामी सबै संग के बन्ने भन्ने सपना हुन्छन् । प्रभुले हाम्रो प्रयोग गरी केही ठूलो कार्य गराउन चहानुहुन्छ भन्ने हामीमा आशा छन् । यो विद्यालय, वा चर्च, वा राजनिती, वा अस्पताल, वा संसार सम्म पुग्न मुनाफा रहित संस्था हुन सक्छ । प्रभुलाई हरेक क्षेत्रमा सक्षम मानिसहरु चाहिन्छ र हामी ती मध्ये एक बन्ने आशा राख्दछौं । जसरी हामीलाई प्रभुले प्रयोग गरिरहनु भएको कल्पना गर्दछौं, त्यसै गरी चर्च र समाजमा हाम्रो बच्चाहरुले पनि आशा राख्दछन् । तिनीहरुले आशा गर्छन् र सपना देख्छन् कि एकदिन उनीहरु के बन्नेछन् भनी । उनीहरुले प्रभुले उनीहरुका जीवनका लागी ठूलो योजना बनाउनु छ भनी सपना देख्छन् ।
सुसमाचार के हो भने, उनीहरुको लागी प्रभुको ठूलो योजनाहरु छन् ।
नराम्रो समाचार चाहिं धेरैले गल्तीहरु गर्नेछन् र आफ्ना लागी प्रभुको उत्कृष्ट योजनाहरु छुटाउनेछन् ।

यस भि.बि.एस. पूर्ण रुपमा तपाईको समुदायका बालबालिकाहरुलाई नछुटाईकन सहयोग गर्नका लागी हो, तथा प्रभुको ईच्छामा रही जीवनमा केही ठूलो कुरा हासिल गर्नका लागी हो । पहाड चढे जस्तै निरन्तर लागिरहन ईच्छा शक्ती चाहिन्छ, साथै साथै चुचुरोमा पुग्न केही सहास र शक्ती पनि ।


यस बर्षको बाईबल भ्याकेसन विद्यालयमा बालबालिकाहरुका लागी हामी संग विशेष पाहुना वक्ता हुनुहुन्छ । हाम्रा पाहुना जोसेफ नै हुनुहुन्छ, ती युवा जसले सोचे की प्रभुले उनलाई कुनै ठूलो तरिकाले प्रयोग गर्नु हुनेछ । तथापि, जोसेफका लागी विश्वको सबैभन्दा शक्तीशाली मानिस बन्नका लागी उनी पहिला दास बन्न पुगे । जोसेफका लागी पहाड माथी जाने बाटो तलतिर थियो !

यसरी नै प्रभुले हाम्रो जीवनमा पनि कार्य गर्नु हुन्छ । माथी तिर लाग्ने बाटो वास्तवमा तलबाट हो! तर डर नमान्नुहोस्, हामीलाई जसरी पनि हामी कतै गईरहेका छैनौं वा पछाडी धकेलिंदै छौं जस्तो लागेता पनि, प्रभु संग हाम्रो जीवनका लागी ठूला योजनाहरु छन्, जसरी उहाँले जोसेफका लागी बनाएका थिए । प्रभुले हाम्रो जीवन सञ्चालन गर्न खोज्नु भएको छ, यदी हामीले उहाँलाई गर्न दियौं भने ।

"जसले आफ्नो जीवन पाएका छन् तिनले गुमाउनेछन्, र जो सुकैले मेरो निम्ती जीवन गुमाएका छन्, तिनले पाउनेछन् ।"
म्याथ्यु १०:३९
जब हामीले प्रभुलाई हाम्रो जीवन सुम्पिई दिन्छौं, तब हामी तल झरिराखेको जस्तो अनुभव भएता पनि, हामी माथी चढीरहेका हुन्छौं ।
तपाई के भन्नु हुन्छ ?

के तपाई आफ्ना विद्यार्थीहरुलाई पहाडको सहासिक चढाई गराउनका लागी ईच्छुक हुनुहुन्छ ? मानौं हामी हिउँमा स्की गर्न गईरहेका छौं, जब हामी रमाईला "क्याबिक क्राफ्ट" वा "फ्रोजन खेलहरु" संग रमाईरहेका हुन्छौं । तपाईका विद्यार्थीहरुले "चुचुरोको रेष्टुरेण्ट"मा बिश्राम लिंदा रमाउने छन् र तिनीहरुले बनाएका शिल्प कलाहरु प्रदर्शन गर्नेछन् । उनीहरुका लागी अभिभावकहरुसंग आफूले सिकेका कुराहरु साट्न सजिलो हुनेछ, किनभने, विद्यार्थीका पानाहरु पट्याएर उनीहरुका नाडीमा पट्टी सरह बाँधेर त्यस दिनको हरफ देखिने गरी पठाईएको हुन्छ । भि.बि.एस. मा उत्साहजनक नयाँ मिसनको कार्यक्रम पनि छन् जसले तपाईका विद्यार्थीहरुका आँखा संसारका लागी खोलिदिनेछन् र उनीहरुलाई सहयोग गर्नका लागी प्रेरणा दिन्छ ।

अब आउन लागेको बिदाको सिजनलाई तयार पारौं र ठान्नुहोस् कि यस उत्साहजनक भि.बि.एस. "सिमितता नभएको गन्तव्य"का लागी बाहिर जाडो छ । हिउँमा अलि चिसो हुन सक्छ, र तपाई कठ्यांग्रीएर थकित हुन सक्नु हुन्छ तर सम्पूर्ण चर्चमा सबैका लागी चढ्न रमाईलो हुनेछ ।





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## उद्धृत सारांश हरफहरू

आफ्नै ज्यान जोगाउन खोज्नेले त्यो गुमाउनेछ, तर मेरो लागि आफ्नो जीवन गुमाउनेले चाहिँ त्यो पाउनेछ।. मती 10:39

# बिषय सूची


| | |
|---|---|
| परिचय | 1 |
| आभार | 2 |
| संक्षिप्त जानकारी | 3 |
| यो कसरी प्रयोग गर्ने ? | 5 |
| रोटेसन स्टेसनहरु | 7 |
| थप विचारहरु | 9 |
| पाठ १ | 11 |
| पाठ २ | 17 |
| पाठ ३ | 23 |
| पाठ ४ | 29 |
| पाठ ५ | 35 |
| "सिमितता नभएको गन्तव्य" | 41 |


VBS DESTINATION WITHOUT LIMITS

Where the way up is down. Matthew 10:39

नानीहरू महत्वपूर्ण छन्

CHILDREN ARE IMPORTANT

www.ChildrenAreImportant.com


This material "Destination without Limits" is written by the ministry "Children are Important." Our material is free to download, free to use, free to print, and free to distribute to other churches and ministries without obligations.



For more information, contact us at:
info@childrenareimportant.com or 52-592-924-9041 (Mexico)


All Scripture is taken from NIV.


**Thanks to the whole team!**

Editor: Kristina Krauss

Creative Team: Dwight Krauss, Flor Boldo, Mike Kangas, Monserrat Durán, Vickie Kangas, Rubén Darío, Suki Kangas, and Verónica Toj.

# संक्षिप्त जानकारी

बाईबलको पहाड
स्की कक्षा

## १ प्रभु माथि विश्वास गर्नुहोस्

आधार क्याम्प
जोसेफका सपनाहरु अस्वीकृत भए
(जेनिसिस ३७:२-११)

स्वप्न बाकस



जोसेफका सपनाहरु अस्वीकृत भए



## २ प्रभु माथि आस्था राख्नुहोस्

फ्रोजन क्रिक क्याम्प
जोसेफलाई दुर्व्यवहार गरियो
(जेनिसिस ३७:१२-३५)

काठका क्रश



जोसेफलाई दुर्व्यवहार गरियो



## ३ प्रभुको सेवा गर्नुहोस्

जंगलको छेउको क्याम्प
जोसेफले पोतिफारको घरमा सेवा गरे
(जेनिसिस ३७:३६, ३९:१-६)

प्रभुको शब्दजालको सेवा गर्नु




जोसेफले पोतिफारको घरमा सेवा गरे



## ४ प्रभुको आशा गर्नुहोस्

हिउँखोलाको क्याम्प
जोसेफलाई जेलमा बिर्सियो
(जेनिसिस ३९:७-४०:२३)

कागजका डुंगा



जोसेफलाई जेलमा बिर्सियो



## ५ प्रभुलाई धन्यवाद दिनुहोस्

चुचुरो
जोसेफका सपनाहरु पूरा भए
जेनिसिस ४१:१४-४०, ४१:५३-५७, ४२:१-६

चुचुरोको झण्डा



जोसेफका सपनाहरु पूरा भए





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

**क्याबिन शिल्प कला** | **मिसनरी भ्रमण** | **FROZEN GAMES**

जोसेफ र उनको धैरै रंगको कोट



जोसेफको धैरै रंगको कोट



बरफको टुक्रा दिनुहोस् जमेको नाच



जोसेफ र ईनार



ईनार



हिउँ पग्लाई हिउँको डल्लो फाल्नु



बुकमार्क



कुकजिको हिउँका टुक्राहरु



हिउँको डल्लो हत्याउनु हिमपात आँउनु



चित्रको फ्रेम



हिउँका डल्लोको शरबत



हिंस्रक जनावरको शिकार हिउँको डल्लो आउनु



हिउँ परेको पहाडको दृष्य



पहाडका भोजहरु



उत्सवको दिन






www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# यो सामग्री कसरी प्रयोग गर्ने

## सरल भि.बि.एस.

"सिमितता नभएको गन्तव्य"मा स्वागरत छ, यस सरल भि.बि.एस. जुन योजना बनाउन सजिलो छ र गर्न पनि सजिलो छ । केवल मिति चयन गर्नुहोस्, केही स्वयंसेवकहरु भेला गर्नुहोस्, छर छिमेकमा केही आमन्त्रण पोष्टरहरु राख्नुहोस् र तपाई सुरु गर्नका लागी तयार हुनुहुन्छ !

यस बर्ष "बालबालिकाहरु महत्वपूर्ण छन्" को समूहले बिभिन्न देशहरुमा रहेका धेरै भि.बि.एस. हरुमा भ्रमण गरी चर्चहरुले यसका विषयवस्तुमा के कस्ता परिवर्तन गर्न चाहेका छन् भनी जान्ने कोशिस गरको छ । भारतका केही चर्चहरुले बालबालिकाहरुले भि.बि.एस.मा अझ धेरै समय बिताउन् भन्ने उद्देश्यले धेरै क्रियाकलापहरु संलग्न गराउन चाहेका छन् । यसै कारण हामीले दुई ओटा थप रोटेसन स्टेसन थपेका छौं, मिसन स्टेसन र बाईबल स्टेसन, जहाँ जोसेफ आउनेछन् ! यी स्टेसनहरु सजिला तथा अझ रमाईला छन् र यसमा भि.बि.एस.को सिकाई हुन्छ र लामो समय सम्म भि.बि.एस.मा संलग्न गराउनका लागी आवश्यक अझ धेरै विषयवस्तुहरु हुनेछन् ।

अर्को आग्रह विद्यार्थीहरुका पानाहरुका लागी थप क्रियाकलापहरु थिए । हामी उत्साहित छौं कि हामीले आधा पानामा ५ओटा क्रियाकलापहरु संलग्न गर्न सफल भएका छौं ! यसले तपाईका विद्यार्थीहरुलाई थोरै खर्चमा धेरै क्रियाकलापहरु गर्न मद्दत गर्दछ ।

चाहे "रोटेसन" प्रकृया होस् वा "कक्षाकोठा" प्रकृया, यहाँ तपाईको भि.बि.एस रमाईलो बनाउनका लागी प्रशस्त क्रियाकलापहरु छन्, जहाँ पूरै चर्चले संगै "उनीहरुलाई गुमाएर उनीहरुको जीवन प्राप्त गर्न" सिक्न सक्दछन् ।



## नाटकहरु

नाटकहरु प्रत्येक दिनिका पाठ चनिाउन रमाईलो तरकिा हो, साथै यसले शक्षिकसंग वद्यिार्थीहरुलाई जोड्न मद्दत पुर्याउँदछ । हामी तपाईहरुलाई हरेक दनि एकै पात्रको प्रयोग गर्न सुझाव दनि्छौं र पूरै हप्ता तनिीहरु त्यसै अनुसारको पहरिनमा रहुन् । उनीहरु वद्यिार्थीहरुलाई भेट्न स्टेसनहरुमा जान सक्छन् र वद्यिार्थीहरु संग दनिभर "सेल्फी" खचि्न पनि सक्दछन् ।

यस बर्षको नाटकमा खरायो स्की गर्न सक्दिैछ र उसको प्रशक्षिक मुज हो । उनीहरुको उद्देश्य भनेको पहाडको चुचुरा सम्म पुग्नु हो र त्यहाँबाट स्की गरी गर्नु हो, तर खरायोले पहलिे तल तरिका सजलिा ओरालोबाट सुरु गर्नु पर्यो र स्की राम्ररी गर्न सक्नुि पर्यो । हरेक नाटकमा खरायोले उस्तै शक्षिा लनिु पर्यो, जुन बालबालकिाहरुले सक्निेछन् । खरायो बन्ने पात्रले नाटकको दौरान कतै लड्नु पर्ने हुन्छ, त्यसका लागी सम्भव भए जवान र खेलाडी व्यक्ति चयन गर्नु होस् ।

नाटक ५ दिनका लागी हुनेछन्:
१) खरायोको ओरालो: प्रभु माथीको विश्वास
२) उफ्राई: प्रभु माथीको आस्था
३) ओरालो र घुम्तीहरुमा स्की: प्रभुको सेवा
४) पर्खाई: प्रभुमाथी आशा
५) चुचुरो: प्रभुलाई धन्यवाद

## रोटेशन भि.बि.एस प्रकृया

यस भि.बि.एस रोटेसन तालिका अनुसार एकै पटक तीन स्टेसनहरुमा प्रयोग गर्न हुने किसिमले लेखिएको छ । यसको मतलब तपाईले आफ्नो समुहलाई तीन समुहमा बाँड्न सक्नु हुनेछ र ती तीन समुह पहिले उपलब्ध तीन स्टेसनमा घुम्नेछन् र त्यसका साथै दोस्रो तीन पनि । प्रत्येक स्टेसन २० देखि ४० मिनेट सम्मको हुनेछ र प्रत्येक स्टेसन ३ पल्ट दोहोरिन्छन् ताकी हरेक समुह दिनमा एक पटक प्रत्येक स्टेसनमा जान सकुन् ।

सबै भन्दा सजिलो तरिकाले समुह बनाउन विद्यार्थीहरुलाई उमेर अनुसार तीन समुहमा बिभाजन गर्न सकिन्छ जुन हामी विद्यार्थीको पानाका लागी प्रयोग गर्छौं :

सरल (४-६ बर्ष सम्म)
मध्यम (७-९ बर्ष सम्म)
कठीन (१०-१२ बर्ष सम्म)

हामी तपाईहरुलाई १३ बर्ष भन्दा माथीका किशोर-किशोरीहरुलाई भि.बि.एसको सहयोगीका रुपमा लिन सुझाव दिन्छौं । तर पनि, "कठीन" विद्यार्थी समुह सबै ठूला उमेरका लागी रमाईलो हुनेछ, वयस्कहरुका लागी पनि । स्टेसन रोटेट गर्ने हाम्रो सबैभन्दा प्रिय तरिका रोटेट गर्ने बेला संगीत बजाएर गर्नु हो, ताकी विद्यार्थीहरुमा एक स्टेसनबाट अर्कोमा जाँदा अधिक उर्जा हुन्छ ।

यस बर्ष हामीले दुई ओटा स्टेसनहरु थपेका छौं, बाईबल र मिसनरी स्टेसन । यसरी हामी सित ५ ओटा स्टेसनहरु हुनेछन्, तसर्थ हामीले थप खाजा समयलाई पनि एस स्टेसन बनाएका छौं । यसरी तपाईले सजिलै संग ३ उमेर समुहलाई तीन स्टेसनमा रोटेट गर्न सक्नु हुन्छ । तर यसमा एउटा सानो समस्या हुन सक्छ कि कुनै विद्यार्थीले पूरै दिन सम्म पनि खाजा नखाई बस्न सक्दछन् । हामी तपाईलाई सुझाव दिन्छौं कि ठूला बिद्यार्थीहरुलाई सबैभन्दा पछी मात्र खाजा खुवाउनुहोस् ।

यदी तपाई सबै बिद्यार्थीहरुलाई एकै पटस दिउँसो खाजा खुवाउनु हुन्छ भने, त्यहाँ अन्य तरिकाहरु पनि छन् । तपाईले आफ्नो समुहलाई ५ ओटा समुहमा बिभाजन गरी सबै स्टेसनहरुमा क्रमैसंग घुमाउन सक्नु हुनेछ । यसको लागी सबै भन्दा धेरै बालबालिका भएको दिई उमेर समुहलाई दुई-दुई ओटामा बिभाजन गर्न सक्नु हुनेछ । अर्को उपाय भनेको एक थप समुह थप्ने जसले मेमोरी हरफहरु सिक्न सक्छन् वा गीतहरुका लागी अभिनय सिक्न सक्छन् वा दुबै । यसरी तपाईले खाजा खाने समय भन्दा बाहेक ६ ओटा स्टेसन बनाई रोटेट गर्न सक्नु हुन्छ । विकल्पमा तपाईले केही स्टेसनहरु हटाउन सक्नु हुनेछ, तपाईको भि.बि.एस.लाई छोटो बनाउनका लागी ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## परम्परागन कक्षाकोठाको प्रकृया

यदी तपाई रोटेसन तालिका अपनाउन चहानु हुन्न भने, तपाईले भि.बि.एसका लागी परम्परागत कक्षाकोठा प्रकृया अपनाउनु सक्नु हुनेछ । यस तालिकाले लामो भि.बि..एस. का लागी समय आवश्यक परेको खण्डमा फाईदा पुर्याउन सक्दछ । तर यसका लागी प्रत्येक उमेर समुहका लागी जोसेफ बन्ने कलाकारका साथै धेरै शिक्षकहरु आवश्यक पर्दछ र साथै शिक्षकहरुले विभिन्न क्रियाकलापहरु सिक्नु पर्ने हुन्छ ।

## कर्मचारी

धेरै सदस्यहरु भएमा भि.बि.एस संलग्न भएका सबैका निम्ति अझ रमाईलो हुन्छ तसर्थ हामीले धेरै व्यक्तिहरुलाई संलग्न गराउन कामहरुलाई बिभिन्न भूमिकाहरुमा बाँडेका छौं । तल रोटसन प्रकृयाका लागी कर्मचारीहरुको भूमिका दिईएको छ ।:

१ जना भि.बि.एस. निर्देशक
१ जना गीत नेता (अन्यले गीतमा अभिनय गर्न सहयोग गर्न सक्दछन्)
१ जना प्रिचर, मुख्य पाठका लागी
२ जना नाटकका लागी कलाकारहरु (मुस र खरायो)
६ जना नाईकेहरु, साना समुहहरुका लागी, २ जना प्रत्येक उमेर समुहका लागी । (उनीहरु विद्यार्थीहरु सित बिभिन्न स्टेसनहरुमा जानेछन्)

स्टेसनहरु:
२ ओटा बाईबल स्टेसन (१ जना संयोजक, १ जना जोसेफ बन्नका लागी कलाकार)
१ जना कक्षाकोठाको संयोजक (विद्यार्थीहरुको क्रियाकलाप पानाहरुला लागी)
१ जना शिल्प कलाको संयोजक
१ जना खाजाको संयोजक
१ जना खेल संयोजक
१ जना मिसनको संयोजक

### अनुसुचीहरु

## रोटेसन तालिका (३-५ धण्टा)

सुरुवाती समुहको समय (४५ मिनेट)

- संगीत
- नाटक (मुस र खरायो संग)
- मुख्य पढाई




प्रत्येक २०-२४ मिनेट




चुचुरोको रेष्टुरेण्ट (प्रत्येक २०-२४ मिनेट)




मिसनरी भ्रमण (प्रत्येक २०-२४ मिनेट)




फ्रोजन खेलहरु (प्रत्येक २०-२४ मिनेट)

समापन समुहको समय (१५ मिनेट)

- संगीत
- घोषणाहरु र समापन

## परम्परागत तालिका (६ घण्टा)

सुरुवाती समुहको समय (१ घण्टा ३० मिनेट)

| | |
|---|---|
| ३० मिनेट | उपासना: हरेक दिनको मुख्य पाठ प्रयोग गर्नुहोस् |
| ३० मिनेट | गीतहरु: तपाईका प्रिय भक्ती संगीत प्रयोग गर्नुहोस् साथै बिशेष रुपमा यस भि.बि.एस का लागी तयार पारीएको नयाँ सी.डी. पनि |
| १५ मिनेट | मुस र खरायोको नाटक (यसले दिनको बिषयवस्तु चिनाउन मद्दत गर्दछ) |
| १५ मिनेट | दिनको बिषयवस्तुको समिक्षा गर्नुहोस्, हरेक दिनको मुख्य पाठका हरफहरु, अनि कक्षाहरुमा बिभाजन गर्नुहोस् |

कक्षाकोठा समय (१ घण्टा ३० मिनेट)

| | |
|---|---|
| १५ मिनेट | शिक्षक र पाहुना "जोसेफ"ले कक्षा लिनेछन् (बाईबल पहाड स्टेसनबाट) |
| १५ मिनेट | जोसेफसंग कक्षाकोठा क्रियाकलाप गर्नुहोस् (बाईबल पहाड स्टेसनबाट) |
| ४५ मिनेट | विद्यार्थी क्रियाकलाप पानाहरु (स्की कक्षा स्टेसनबाट) |
| १५ मिनेट | चुनावको क्रियाकलाप (स्की कक्षा स्टेसनबाट) |

खाजा समय / चिया ब्रेक (३० मिनेट) (चुचुरोको रेष्टुरेण्ट देखि)

कक्षाकोठा समय (१ घण्टा ३० मिनेट)

| | |
|---|---|
| २० मिनेट | मिसनका बारेमा सिकाई (मिसनरी भ्रमण स्टेसनबाट) |
| ३० मिनेट | मिसनरी क्रियाकलाप (मिसनरी भ्रमण स्टेसनबाट) |
| ४० मिनेट | शिल्प कला सम्बन्धी समय (क्यबिन कला स्टेसनबाट) |

खेल समय (३० मिनेट) (फ्रोजन खेल स्टेसन देखी)

समापन समुहको समय (३० मिनेट)

| | |
|---|---|
| १५ मिनेट | गीतहरु |
| १५ मिनट | समिक्षा र भोलिका लागी घोषणाहरु |



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# रोटेसन स्टेसनहरु

## बाईबलको पहाड



यस स्टेसनमा हामीले खास रुपमा जोसेफलाई तपाईको भि.बि.एस.मा आउन निम्त्याएका छौं ! कुनै एक जना तपाईका नेतालाई ईजिप्टबाट आएका जोसेफ जस्तै लुगा लगाउन दिनुहोस् जब उनले विद्यार्थीहरुलाई भेट्छन् र उनको दैनिक जीवनको कथाहरु भन्नेछन् । जोसेफले आफ्ना कुराहरु भने पश्चात् शिक्षकले जोसेफलाई धन्यवाद दिनेछन्, केही अन्य कुराहरु भन्नेछन् र विद्यार्थीहरुलाई क्रियाकलापमा सामेल गराउने छन् । तपाईको समयको अन्त्यमा विद्यार्थीहरुलाई त्यस दिनको चुनाव गर्न लगाउनुहोस् । चुनावका पर्चाहरु भित्तामा टाँस्नुहोस् । त्यस दिनको लागी दुई ओटा विकल्पहरु दिनुहोस् र तिनीहरुका बारेमा यस्तो तरिकाले सल्लाह गर्नुहोस् कि कुन ठीक वा बेठीक भनी नछुट्याईकन । विद्यार्थीहरुलाई आफ्नै तरिकाले सोच्न दिनुहोस् र भोट गर्न दिनुहोस् । उनीहरुले भित्तामा राखेका कागजमा सही गर्न सक्छन् वा स्टीकर टाँस्न सक्छन् ।

## स्की कक्षा

त्यस दिनको पाठको शीर्षक र मेमोरी हरफहरु पुनरावलोकन गर्नुहोस् । विद्यार्थीहरुलाई पानाहरु बाँड्नुहोस् र तपाईका विद्यार्थीहरुलाई त्यसमा मद्दत गर्नुहोस् । प्रत्येक विद्यार्थीका पानाहरुमा पाँच ओटा क्रियाकलापहरु रमाईलो गर्नका लागी हुनेछन् ।
पानाको अगाडी पट्टि  दुई ओटा पजलहरु छन् । ठूला विद्यार्थीहरुला लागी तिनीहरुका साथीहरु संग खेल्नका लागी एउटा खेल छ । तपाईका विद्यार्थीहरुलाई कुनै एकजना साथी छान्न लगाउनुहोस् र खेल्न दिनुहोस् ! त्यसपछी त्यहाँ शब्द पत्ता लगाउने खेल छ । साना विद्यार्थीहरुका लागी त्यहाँ १० ओटा बिभिन्न वस्तुहरु जोसेफको तस्वीरमा लुकाएर राखेका छन् । ती लुकाएर राखका वस्तुहरु पत्ता लगाएपछी तिनलाई रंग भर्न लगाउनुहोस् ।



त्यसपछी बिद्यार्थीका पाना भुलभुलैया भएको तिर पल्टाउनुहोस् । उनीहरुले भुलभुलैयाबाट बाटो पत्ता लगाएपछी रंग लगाएर घरमा लग्न हातमा बाँध्ने पट्टी बनाईदिनुहोस् !

## क्याबिन शिल्प कला

यस स्टेसनमा बिद्यार्थीहरुले केही शिल्प कलाका सामानहरु बनाई रमाईलो गर्नेछन्, त्यसबाट पाठ याद गर्न मद्दत पुग्नेछ र घरमा लग्न केही रमाईला कुरा हुनेछ । कलाकारिताका लागी सबै प्याटर्नहरु अनलाईन उपलब्ध छन् र शिल्पकला पर्चामा पनि उपलब्ध छन् । यदी तपाईले प्रत्येक विद्यार्थीका लागी एक पाना फोटोकपी गर्न सक्नु हुन्छ भने,  तपाईले केही शिल्प कलाका काम गर्न सक्नुहुनेछ ।

## चुचुराको  रेष्टुरेण्ट

तपाईले आ-आफ्नो तरिकाले केही साधारण नास्ता, चिया वा खाजा खुवाउन सक्नुहुन्छ । हाम्रो खाजाको बारे विचार भनेको तिनीहरु खाना राम्रो होस् र बिद्यार्थीहरुका लागी क्रियाकलाप पनि होस् । तपाईको भि.बि.एस.मा सबैले पाउरोटी र क्राकरहरुबाट बिभिन्न रंगका जोसेफको कोट बनाउँदा रमाउँछन् र त्यो सस्तो पनि पर्छ ! तपाईको खाजाका सामानहरु फेरिरहनुस् जुन तपाई आफ्नो वरिपरि पाउन सक्नु हुनेछ र खाजा संग पनि केहि रमाईलो गर्नुहोस् ।

## फ्रोजन खेलहरु


खेल बालबालिकाको जीवनको एक महत्वपूर्ण पाटो हो । तसर्थ तपाईको भि.बि.एसमा खेलहरु समावेश गर्नु अत्यावश्यक छ ! पाठमा दिईएका कुनै एक वा दुबै खेलहरु चुन्नुहोस् र खेलाउनुहोस् । सक्नुहुन्छ भने बरफ पनि सामेल गराउनुहोस् ताकी भि.बि.एसमा अझ चिसोले जमेको अनुभव होस् । रमाईलो गर्नुहोस्



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# मिसनरी भ्रमण

प्रस्तुत गर्दछौं नयाँ कार्यक्रम “भि.बि.एस. बिना कुनै सिमाना” जहाँ तपाईको चर्चले सहभागी भई अन्य देशहरुमा बालबालिकाहरुका लागी भि.बी.एस. बनाउनका लागी मद्दत गर्न सक्दछ । हामी तपाईहरु समक्ष यस नयाँ मिसन स्टेसन प्रस्ताव गर्नका लागी उत्साहित छौं जसमा सहभागी हुनका साथै तपाईका विद्यार्थीहरुले अन्य देशहरुका बारेमा पनि जान्न सक्नेछन् । हामीले दुई ओटा मिसन पर्चाहिरु बनाएका छौं, यस ग्रहका दुबै भागका लागी । तपाईका बिद्यार्थीहरुले कल्पना गर्न सक्छन् कि उनीहरु संसारको अर्को भागमा यात्रा गर्दैछन् जहाँ उनीहरु त्यस भागको संस्कृति, भाषा, आवश्यकताहरुका बारेमा जान्न सक्छन् र त्यहाँ भी.बि.एस. कस्तो छ भनी हेर्न सक्छन् । ल्याटिन अमेरिकाका बालबालिकाहरुले भारतका बारेमा सिक्नेछन् र दक्षिण एसियाका बालबालिकाहरुले दक्षिण अमेरिकाको बारेमा ।




यस मिसन प्याकेटमा देश वा क्षेत्रहरुका चित्रहरु, भि.बि.एस. विभिन्न भाषाहरुमा विद्यार्थीका पानाहरु र दैनिक मिसनला लागी दिईएको पैसाका लागी संकलित रकम बैंक संलग्न गरिएको छ ।

सिस्टर कृष्टिना क्राउस लाई krisina@losninoscuentan.com मा “भि.बि.एस. बिना कुनै सिमाना” मा सहभागी हुनका लागी तपाईको चन्दा पठाउन चाहिने आवश्यक सूचनाका लागी सम्पर्क गर्नुहोस् । हामी कुनै पनि चन्दा, दानहरुलाई सहर्ष स्वागत गर्छौं, कारण, संसार भरका आवश्कताहरु हामी एक्लैले पूरा गर्न सक्ने भन्दा ठूला छन्, र हामीलाई सक्दो सहयोगको आवश्कता पर्छ । तपाईले यस मिसन स्टेसनको प्रयोग गरी तपाईको आफ्ना मिसनका कार्यक्रमहरु प्रचार गर्न सक्नु हुन्छ र तपाईको चन्दा आफ्नो स्थानको कार्यालयमा त्यस परियोजनाका लागी पठाउन सक्नुहुनेछ ।



नानीहरुको सेवाको लागि
निःशुल्क सामाग्रीहरु

नानीहरू महत्वपूर्ण छन्

ChildrenAreImportant.com

**No copyright.**

*Yeah!*

Go ahead and print as many as you want. *You can even sell them!*

And they will **always** be **free** on our website.

सण्डे विद्यालय

छुट्टी बाइबल विद्यालय

Champions by the Fruit of the Spirit Galatians 5:22-23

Destination Without Limits — Where the way up is down. Matthew 10:39


Detectives

Galaxy Express

Submerged in the Word — Be an example. 1 Timothy 4:12

Sheriff's Hacienda — An evangelistic VBS

हरेक वर्ष नयाँ स्रोतहरू



# अतिरिक्त विचारहरु





प्रत्येक विद्यार्थीको लागि रुखको एक हाँगाद्वारा एउटा प्यारो नाम बनाउनुहोस ।

## कागजी हिउँका डल्लाहरु

एक कागजलाई धैरैपटक पट्याउनुहोस, त्यसपछि छेउबाट केहि आकारहरु काट्नुहोस । हिउँको डल्लो हेर्नको लागि कागजलाई खोल्नुहोस । थुप्रै विभिन्न शैलीहरु बनाउनुहोस र तिनीहरुलाई चर्चको वरपर झुन्ड्याउनुहोस । पातलो कागज प्रयोगको लागि सजिलो छ, तर सामान्य कागजले पनि मजाले काम गर्छ ।







कपासको बलहरुलाई एक मसिनो र सफा तारले उन्नुहोस र तिनीहरुलाई बाध्नुहोस । त्यसपछि, यी “हिउँ” का स्ट्यान्डहरुलाई चर्चको वरपर झुन्ड्याउनुहोस ।



कागजका डल्लाहरु बनाउनुहोस र तिनीहरुलाई सिलिंगमा झुन्ड्याउनुहोस ।

हलहरुलाई निलो वा सेतो शिल्प कागज वा प्लास्टिकले सजाउनुहोस, र सबैतिर हिउँको टुक्राहरु झुन्ड्याउनुहोस ।





नानीहरुलाई एक जाडो आश्चर्य क्षेत्रमा हिडेको कल्पना गराउनको लागि चर्चको प्रवेश स्थानमा बेलुनको बाटो बनाउनुहोस ।



## पहाडको त्रिभुज आकृति

पहाडको दृश्यको एक त्रिभुज आकृति बनाउनुहोस र कार्यक्रमभरिमा नानीहरुले शिखरतर्फ गरेका उन्नति उनीहरु आफैलाई हेर्न मद्दत गर्नुहोस । त्रिभुज आकृतिका विभिन्न ठाउँहरुमा प्रत्येक दिनको थेमले चिन्ह लगाउनुहोस ।




## हिउँको साबुन

हामीले साँच्चैको हिउँ पाउनु सम्भव छैन, तर तपाईंले खेल्नको लागि केहि सेता लचिला चिजहरु बनाउन सक्नुहुन्छ । तपाईंलाई एक माइक्रोवेभ र एक पेटी आइभरी ब्रान्डको साबुन (आइभरीले मात्र काम गर्छ) आवश्यक पर्ने छ । नबेरिएको साबुनको पेटीलाई एक ठूलो माइक्रोवेभ-सुरक्षित भाँडामा राख्नुहोस । दुईदेखि तिन मिनेटसम्म तताउनुहोस र विद्यार्थीहरुलाई उक्त साबुन एक हिम बादलमा ठूलो भएको हेर्न दिनुहोस । यो बाहिर खेलाउनु पुर्व यसलाई ठण्डा हुन दिनुहोस ।





www.ChildrenAreImportant.com – Children’s ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# तपाईंका सजावटहरुलाई क्रिस्तालाईज गर्नुहोस





आफ्ना जाडोका सजावटहरुलाई क्रिस्तालाईज गर्दै थप चम्किला बनाउनुहोस्, जस्तै यो उदाहरणीय हिममानिस ।

आपूर्तिहरु:
पानी
१ कप पानीमा ३ टेबुलचम्ची बोराक्स

निर्देशनहरु:
- एक जार वा भाँडामा तातोपानी भर्नुहोस, बोराक्स थप्नुहोस, र घोल्नुहोस । यदि केहि बोराक्स भाँडाको मुनि रहेपनि यो ठिक छ ।
- तारमार्फत, एक कलम, चम्चा, वा अन्य लामो वस्तुमा एक सानो सजावट बाध्नुहोस । सजावटलाई तातोपानी र बोराक्सको मिश्रणमा डुबाउनुहोस, पक्का गर्नुहोस कि यसले भाँडाको छेउ र तलतिर नछोओस ।
- जारलाई एक शान्त स्थानमा राख्नुहोस, र त्यसमा केहिकुरा पर्न नदिनुहोस । २ घण्टापछि, क्रिस्टलहरु बन्न सुरु गर्छन । धेरै क्रिस्टलहरु बढाउन यसलाई केहि घण्टा वा अझ पुरा रात छोड्नुहोस । जब तयार हुन्छ, सजावटलाई एक घण्टा कागजी रुमालमा सुक्न दिनुहोस ।
- एक ठूलो देखिने सिसा ल्याउनुहोस र विद्यार्थीहरुलाई क्रिस्टलहरु हेर्न दिनुहोस !




विद्यार्थीहरुलाई सेल्फी लिनको लागि एक फोटो क्षेत्र बनाउनुहोस ।



आफ्ना विद्यार्थीहरुको साथमा एक पहाडी क्षेत्र बनाउनुहोस । एक पहाडको लागि प्रत्येक विद्यार्थीले कोनमा कागज बेर्छन । सबैलाई एकसाथ राख्नको लागि टेप वा गम प्रयोग गर्नुहोस र समथर बनाउनको लागि कोनको सतह काट्नुहोस । अग्ला पहाडहरुले हिउँको टोपी पाउँछन ।



भीबिएसको लागि आफ्नो चर्च सजाउनको लागि यो विचारहरु प्रयोग गर्नुहोस:
कागजी हिमटुक्राहरु
प्रकाशका तारहरु
निलो र सेतो बेलुनहरु
सेतो टेबुलकपडाहरु
निलो र सेतो स्ट्रिमरहरु
पर्खालको लागि कागजका पहाडहरु
भिनिल हिमटुक्रासहित निलो जारहरु

(भिनिल हिमटुक्रा र 3डी कागज झुन्ड्याउने हिमटुक्राहरु मेक्सिकोको निनोस कुएनटान र ग्वाटेमालामा उपलब्ध छन्, वा हाम्रो वेबसाइटमा शैली डाउनलोड गर्नुहोस र स्थानीयरुपमा बनेका केहि अर्डर गर्नुहोस)






आफ्नो भीबिएसलाई एकदम गजब बनाउनको लागि थप सजावट विचारहरु अनलाईनमा खोज्नुहोस !



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## YOUR NEW FOUNTAIN OF CHILDREN'S MINISTRY RESOURCES

www.ChildrenAreImportant.com

हाम्रा सामाग्रीहरु, बाधा बनि नै डाउनलोड गर्न, प्रन्टि गर्न, प्रयोग गर्न, र अन्य चर्च तथा मन्त्रालयहरुमा वतिरण गर्नको लागि नशुल्क छन् ।

It's like there's no copyright. Yeah! Go ahead and print as many as you want. You can even sell them! And they will always be free on our website.

## BECAUSE WE CAN REACH MORE CHILDREN FOR CHRIST BY WORKING TOGETHER!

# १ प्रभु माथि विश्वास गर्नुहोस्

## आधार क्याम्प / जोसेफका सपनाहरु अंस्वीकृत भए जेनिसिस ३७:२-११

### नाटकहरु: खरायोको ओरालो

मुस र खरायोले आ-आफ्ना स्की बोकेर "खरायोको ओरालो"- सबै भन्दा सजिलो ओरालो तर्फ गईरहेकोबाट सुरु गर्नुहोस् । बाटोमा जाँदै गर्दा मुस र खरायोले एक हप्ताहो लागी योजना बनाउँदै छन् । खरायोले बिचार गर्छ कि उनीहरु चुचुरा सम्म जानेछन् र त्यहाँबाट स्की गरेर फर्कनेछन् । मुसले खरायोलाई सम्झाउनु पर्ने हुन्छ कि आज उनीहरु पहिलो ओरालोबाट स्की गरेर सुरुवार गर्ने छन् । यदी तिनीहरु चुचुरो तिर नै जान लागेका हुन् भने किन स्की गरेर तल आउनु पर्यो ? के उनीहरु स्की गरेर माथी जान सक्छन् ? मुसले बताउनेछ कि, माथी तिर जान तलतिर बाट जानु पर्छ र खरायोले पहिलो सजिलो ठाउँबाट स्की गर्न सिक्नु पर्यो । पहिले त खरायोलाई स्की लगाउन पनि आउँदैन । उसले हेल्मेट खुट्टामा र स्की टाउकोमा लगाउन प्रयास गर्छ । त्यस पछी खरायोले पछिल्तिरबाट स्की गर्न खोज्छ, तर ऊ छेउबाट चिप्लिन्छ र खुट्टा फाटिन्छ । मुसले धैर्य गरेर खरायोलाई सही तरिकाले स्की गर्न सिकाउँछ । खरायोलाई लाग्छ कि स्की गर्न हेरेको जस्तो सजिलो छैन र उसलाई चिन्ता लाग्छ की ऊ चुचुरो सम्म चढ्न नै सक्दैन भनेर । उसलाई डर लाग्छ की ऊ स्कीबाट खस्नेछ, वा रुखमा गएर ठोकिनेछ, वा नियन्त्रण गुमाएर पहाडबाट खस्नेछ ! मुसले खरायोलाई विश्वास दिलाउँछ कि प्रयास गरे ऊ चुचुरोमा पुग्न सक्छ । "मलाई विश्वास गर र मैले भने जस्तै गर, र एक दिन तिमी चुचुरो चढ्न सक्ने हुनेछौ ।" जब खरायोले मुसलाई विश्वास गर्न थाल्दछ र मुसको निर्देशनहरु पालन गर्न थाल्दछ, उनीहरु स्की गर्न थाल्दछन् र मञ्चबाट बाहिर जान्छन् ।



### बाईबलका हरफहरु

विश्वास नगरीकन कसैले पनि परमेश्वरलाई खुसी बनाउन सक्दैन किनभने परमेश्वरकहाँ आउनेहरूमा त विश्वास हुनैपर्दछ। परमेश्वर हुनुहुन्छ र उहाँको खोजी गर्नेहरूलाई उहाँले इनाम दिनुहुन्छ भनेर विश्वास गर्नुपर्दछ। हिब्रू 11:6

### मुख्य पाठ: प्रभु माथि विश्वास गर्नुहोस्

यस साता हामी एक एक अध्यात्मिक पहाड चढ्दै छौं । यदि तपाईं हामीसँगै यो आरोहण चढ्न चाहनुहुन्छ भने प्रभुसँग तपाईंको लागि सीमारहित गन्तव्यहरु छन ।

हाम्रो हाइक बेसक्याम्पबाट सुरु हुन्छ । त्यहाँबाट हामीले आकाशमा हेर्न सक्छौं र पहाडलाई हामी र शिखरबिचको अवरोधको रुपमा हेर्न सक्छौं । सुरुगर्नु अघि, हामीले सपना देख्न सक्छौं कि टुप्पोमा पुग्नु कति गजवको हुनेछ !

प्रभुले गजबका कुराहरु गर्न मानिसलाई छान्नुभएको छ । प्रभुले अझै पनि आफुलाई नचिन्ने मानिसलाई बोलाउनुहुनेछ, जस्तो कि प्रभुले पउलसँग दमास्कसको बाटोमा बोल्नुभएको थियो । अझै एक क्रिस्चियन नरहेका, पउल चर्चको एक भयङ्कर विरोधी थियो !

यस भीबिएस चल्दा, हामी हाम्रो साथमा एक विशेष अतिथि ल्याउन उत्साहित छौं ! जोसेफ नाम गरेका वहाँ इजिप्टको ठुलो शासक हुनुहुन्थ्यो ! आज वहाँले आफु १७ वर्षको हुँदा प्रभुले वहाँलाई दिनुभएका विशाल सपनाहरुको बारेमा भन्नको लागि हाम्रो भीबिएस भ्रमण गर्दै हुनुहुन्छ । हामीसँग प्रभुको लागि ठुला कुराहरु गर्नको लागि विशाल क्षमता छ । हामी ठुलो सपना देख्न मन पराउछौं । यद्यपि, बेसक्याम्पबाट, हामीसँग भएको भनेको क्षमता हो । हामी जोसेफजस्तै भएर प्रभुको राज्यको कोहि ठुलो व्यक्ति बन्न सक्छौं, वा हामीले हाम्रो जीवनमा समस्याहरु सिर्जनागर्न सक्छौं र पहाडबाट खस्न सक्छौं । पापले हामीलाई पहाड चढ्नबाट रोक्न सक्छ, अझै घमण्ड र स्वार्थ जस्ता लुकेका पापहरुले । यस पहाडको अध्यात्मिक हाइकले हाम्रो सपनाको शिखरमा पुग्नको लागि पिडा र पसिना दिनेछ । हामीले





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

प्रभुमा विश्वाश गर्दै जोसेफले सुरु गरेका ठाउँबाटै सुरु गर्नुपर्छ । प्रभुले तपाईंलाई बोलाउनुभएको छ । वहाँले तपाईंलाई नामले बोलाउनुभयो र तपाईंको जीवनको लागि ठुला योजनाहरु छन् । के तपाईं वहाँलाई विश्वाश गर्नुहुन्छ ? के तपाईं प्रभुले वहाँको लागि तपाईंलाई केहि विशेष कुरा गर्न लगाउनुहुने विश्वाश गर्नुहुन्छ, तपाईंको परिस्थिति जस्तोसुकै भएपनि ? यदि त्यसो सो भने, तपाईं हामीसँग बेसक्याम्पमा सहभागी हुन तयार हुनुहुन्छ । हामीले चढ्न लागेको अध्यात्मिक पहाड साँच्चै एक सीमारहित गन्तव्य हो !




# रोटेसन स्टेसनहरु

## चुचुराको रेष्टुरेण्ट — दिन १




जोसेफको राम्रो कोटलाई खानका लागी यहाँ दुई ओटा तरिका दिईएका छन् ।

जुटाउनु पर्ने सामग्रीहरुः
प्रत्येक विद्यार्थीका लागी पाउरोटिका टुक्राहरु
मायोनेज
केचअप
चिजका टुक्राहरु
टुक्रा पारिएको मासुका चोक्टाहरु
अतिरिक्तः पातलो गरि काटिएको तरकारीहरु जस्तै, गेलभेडा, भेडे खुर्सानी, खुर्सानी, काँक्रो, साग ।












निर्देशनहरुः
विद्यार्थीहरुले टोकेर वा चोक्ट्याएर पाउरोटिका टुक्रालाई कोटको आकार दिन सक्छन् ।
विद्यार्थीहरुले मायोनेज र आफ्नो ईच्छा अनुसारको टपिंग प्रयोग गरेर कोटका धर्साहरु बनाउन सक्छन् ।

## अतिरिक्त विचारहरु



जुटाउनु पर्ने सामग्रीहरुः
सलाद क्राकरहरु
रंगीन सिरियलहरु (ट्रिक्स वा फ्रुट लुप्स, टुक्रा टुक्रा पारिएका)
जुन रंगको भएपनि आईसिंग

निर्देशनहरुः
आईसिंग राखेर क्राकरहरु तयार पार्नुहोस् । क्राकरहरु टुक्राएर कोटको पाखुरा-हातहरु बनाउनुहोस् । कोट सजाउनका लागी विद्यार्थीहरुलाई रंगीन सिरियलहरु आईसिंगको माथी वा छर्न दिनुहोस् ।





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# बाईबलको पहाड

जोसेफका सपनाहरु अस्वीकृत भए (जेनिसिस ३७:२-११)

## जोसेफ:

आदर!
मेरो नाम जोसेफ हो । तपाईंको भीबिएसमा तपाईंसँगै यहाँ हुनु मेरो लागि खुसीको कुरा हो । पहिले, म तपाईंलाई आफ्नो बारेमा थोरै भन्नेछु । प्रभुले मेरो जीवनमा ठुलो बोलि बोल्नुभयो, र म एक महत्वपुर्ण व्यक्ति भए । म कनानबाट हुँ, जुन आज इजरेल हो । म एउटा शानदार देश, इजिप्टको एक ठुलो शासक बने । पुस्तौंदेखिका मानिसहरुले मेरो बारेमा सुनेकाछन ।
म तपाईंलाई मेरो बयान दिन चाहन्छु । प्रभुले मलाई मैले सोचेजस्तो ख्याती दिनुभएन, र यसले मलाई आश्चर्य दियो । मलाई सम्झना दिनुहोस, जब म एक युवक थिए...
म मेरा दाजुभाईहरुसँग चौरमा खेलेको सम्झन्छु । म खेतहरुमा भेंडा चराएको सम्झन्छु, जहाँ घाँस हरियो थियो, भेंडाहरु सेतो र खैरो थिए, र मैले तिनीहरु डुलेको र खेलेको हेरे ।
मेरा ११ दाजुभाई छन्, तर कसैले पनि मलाई त्यति मन पराएनन । यसको कारण हाम्रो बुवा, ज्याकोब (इजरेल भनेर पनि बोलाइने)ले मलाई एकदम मन पराउनुहुन्थ्यो, र वहाँले मलाई धैरै रङ मिसिएको एक विशेष कोट दिएर यो पुष्टि गर्नुभयो । मैले मेरो विशेष कोट लगाउन मन पराए, यसले मेरा दाजुभाईको भावनामा चोट पुगेपनि ।
जब म १७ वर्षको मात्र थिए, प्रभुले मलाई विशेष सपनाहरु दिन सुरु गर्नुभयो । मलाई थाहा थियो कि मेरो जीवनमा प्रभुको विशेष बोलावट छ । तपाईं मध्ये कतिको जीवनमा विशेष बोलावट छ ?
एक दिन मैले मेरा दाजुभाईसँग खेतमा काम गरेको सपना देखे जब अचानक मैले रोपेको धान अग्लो भयो र मेरा दाजुभाईले रोपेका धानहरु मेरो धानको बोटको सामु झुके ।
पछि, मैले सपना देखे कि ११ ताराहरुका साथै सुर्य र चन्द्रमा पनि मेरो तारा सामु झुके । मेरा दाजुभाईहरुले यी सपनाले गर्दा मलाई अझै घृणा गर्न थाले ! जब मैले मेरा सपनाहरु मेरो बुवा र दाजुभाईसँग बाँडे, मेरो बुवाले मलाई हप्काउनु भयो । मलाई मेरो बुवासँग समस्यामा बस्न घृणा लाग्थ्यो ।
म सँग महत्वपुर्ण रहने सपनाहरु भएपनि, म एक गोठालो थिए, एक सानो काम भएको । म को हुँ कसैलाई थाहा थिएन । पहाड चढ्नुको सट्टा, मैले पहाडको तल गइरहेको महशुस गरे ।
सुरुमा, प्रभुले मलाई सपनाहरु दिनुभयो र भन्नुभयो कि एकदिन म एकदम विशेष हुनेछु । यद्यपि, मेरा परिस्थितिहरु एकै थिए । म अझै पनि कसैले नचिनेको एक गोठालो केटा थिए ।

## शिक्षक:

हाम्रो भीबिएसमा हाम्रो भ्रमण गरेकोमा धन्यवाद, जोसेफ !
जोसेफ, प्रभुबाट एक विशेष बोलावट पाउनुमा तपाईंलाई अचम्म लागेको हुनसक्छ, र त्यसपछि तपाईंको परिस्थिति बदलिएन । यद्यपि, प्रभुले काम गर्न यसरी नै हो । यदि प्रभुले हामीलाई विशाल कुराहरु गर्नको लागि प्रयोग गर्न खोज्नुभएको छ भने, हामीले हाम्रो परिस्थिति जे भएपनि वहाँलाई विश्वाश गर्नुपर्छ । हामी कहिँपनि नपुग्ने जस्तो देखिएपनि, वा पछाडी गएको देखिएपनि, हामीले प्रभु र हाम्रो जीवनमा वहाँको बोलावटमा विश्वाश गर्नुपर्छ ।
जोसेफ, तपाईंले प्रभुमा विश्वाश गर्नुभयो, आफ्नो सपना भन्दाखेरि तपाईंको बुवाले तपाईंलाई हप्काउँदा पनि । हामीले आफुबाट र भैरहेको कुराबाट आँखा हटाउनु पर्छ । हामीले हाम्रो आँखा प्रभुमा राख्नुपर्छ । नानीहरु, के तिमीहरु जोसेफको जस्तै परिस्तिथि भएपनि प्रभुमा विश्वाश गर्छौ ?



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## गतिविधि:

विद्यार्थीहरुलाई ढल्कन दिनुहोस, जस्तो कि उनीहरु एक शान्त स्थानमा ताराहरु हेर्दैछन् । यसलाई थप मजेदार बनाउन, आफ्नो कक्षाकोठाको सिलिंगको अँध्यारा ताराहरुमा चमक दिनुहोस, त्यसपछि बत्ति निभाउनुहोस ताकी उनीहरुले ताराहरु देख्न सकुन । (यदि तपाईंसँग सन्ध्याकालीन भीबिएस छ भने, उनीहरु बाहिर ढल्किन सक्छन, र साँच्चैको ताराहरुमा हेर्न सक्छन ।) जब उनीहरु त्यहाँ ढल्किरहँदा, विद्यार्थीहरुलाई प्रभुले उनीहरुको जीवनमा गर्नसक्नुहुने र गर्नुहुने सम्पूर्ण विशाल कुराहरुको सपना देख्न भन्नुहोस ।
समयभन्दा अघि, एक गोप्य सपना बाकस तयार गर्नेहोस । विद्यार्थीहरुलाई उनीहरुसँग भएको एउटा सपना लेख्न, त्यसलाई पट्याउन, र बाकसमा



## अतिरिक्त:

आज भीबिएस सुरु गर्नुभन्दा पहिले, आफ्ना शिक्षकहरुसँगै भक्ति गर्नुहोस, वहाँहरुलाई गोप्य सपना बाकसमा आफ्ना सपना राख्न दिएर ।

## भोटिङ




विद्यार्थीहरुलाई भोटिङ चार्टको वरपर जम्मा गर्नुहोस र प्रश्न र दुई सम्भावित छनौटहरु परिचित गराउनुहोस । प्रत्येक बालबालिकाले आफ्नो विचार छान्दै, चार्टमा आफ्नो उमेर समूहको भागमा हस्ताक्षर गर्नेछन । तपाईंलाई मन लागेमा तपाईंले भोटिङको लागि स्टिकर पनि प्रयोग गर्न सक्नुहुनेछ ।

क. जोसेफले आफ्नो परिवारलाई आफ्ना सपनाहरु सुनाएर ठिक काम गर्यो जसले गर्दा यो साकार हुँदा वहाँहरुले प्रभुमा गौरव गर्नुभयो ।
ख. जोसेफले आफ्नो मुख बन्द राख्नुपर्थ्यो, यो थाहा पाएर कि उसको सपनाहरुले उसको परिवारको भावनामा चोट पुग्नसक्छ ।



## फ्रोजन खेलहरु

१. बरफका टुक्राहरु दिनु
सबै बच्चाहरुलाई एक-एक हात फरक हुने गरी गोलो घेरा बनाएर उठ्न वा बस्न लगाउनुहोस् । संगीत सुरु भए संगै बरफको टुक्राहरु एकजनाबाट अर्कोलाई दिँदै जान लगाउनुहोस् । जब संगीत बन्द हुन्छ, तब बरफको टुक्रा बोकेर बस्ने खेलबाट बाहिर हुन्छ । यसै गरी खेल जारी राख्नुहोस, बरफ रहुन्जेल वा खेलाडी रहुन्जेल । खेलको उद्देश्य भनेको संगीत बन्द हुँदा बरफ नबोकी बस्नु हो ।




२. जमेको नाच
चाँडो गतिको संगीत बजाउनुहोस् र बच्चाहरुलाई मनपरी नाच्न लगाउनुहोस्, संगीत बजुन्जेल र “फ्रिज” भनेर कराउनुहोस् । बच्चाहरु जस्ताको तस्तै रोकिनु पर्ने हुन्छ, पुन: संगीत नबजे सम्म । सबैजना हाँस्नेछन् र केटाहरु समेत नाच्नेछन् ।


www.ChildrenAreImportant.com – Children’s ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# क्याबिन शिल्प कला दिन १

## जोसेफ र उनको धैरै रंगको कोट



१.कागजहरु टाउको, कोटको आधार, कोटको आकार, हारहरु र खुट्टाहरुको आकारमा काट्नुहोस् ।
यदी तपाई चहानुहुन्छ भने, कागजको हात  खुट्टको सट्टा फोम प्रयोग गर्न सक्नु हुन्छ ।
२.सानो साना टिस्यू पेपर जोसेफको कोटको लम्बाई बराबरहुने गरी काट्नुहोस् ।
३.प्रत्येक बच्चालाई १ ओटा टाउको, १ ओटा कोटको आकार, २ ओटा हातहरु, २ ओटा खुट्टाहरु, ६-७ ओटा टिस्यू पेपरको लम्बाईहरु र १ ओटा घुम्रिएका रिबन ।
४.टिस्यू पेपरका लामा टुक्राहरु कोटको तलतिर टाँस्नुहोस् । थोरै ग्लू टाँस्नुहोला ताकि त्यो चाँडै सुकोस् ।
५.टिस्यू पेपरको माथीतिर कोटको बाहिरी भाग ग्लूले टाँस्नुहोस् ताकी कोटको आकृति प्रष्ट देखियोस् । कोटको एरियाबाट बाहिर देखिएको कुनै पनि टिस्यू काटेर पठाउनुहोस् ।
६. टाउकोमा रंग लगाउनुहोस् र ठाउँमा मिलाएर टाँस्नुहोस् ।
७. कोटमा मिलाएर हात र खुट्टाहरु पनि टाँस्नुहोस् ।
८. जब सबै सुके पश्चात् त्यस आकृतिको पछाडि चुम्बक टाँस्नुहोस् ।


# स्की कक्षा

## विद्यार्थीको क्रियाकलाप पृष्ठ





क्रियाकलापका पृष्ठहरु बाँड्नुहोस् । पजलहरु हल गर्नुहोस् । पानालाई नाडीमा बाँध्ने सरह पट्याउनुहोस्, सम्झिनु पर्ने हरफहरु देखिने गरी । त्यसलाई यहाँ देखाए जस्तै बच्चाको नाडीमा टेपले टाँस्नुहोस् । अब तिनीहरुले पाठ आफूसंग घर लान सक्नेछन् ।

## उत्तरहरु











यस खेल युद्धका जहाजको खेल जस्तै खेल्नुहोस्, "के तपाईले प्रभु मेरो जीवनमा प्रवेश गर्नु भएको देख्नु भएको छ ?" भनी प्रत्येक पल्ट सोधेर । प्रत्येक खेल दुई जना खेलाडी संग खेलिन्छ, हरेकले आफ्ना विद्यार्थी पानामा दुई ओटा ग्रीडहरु प्रयोग गरी । एउटा ग्रीडमा खेलाडीले आफ्ना जहाजहरु राख्नेछन् र विपक्षीको आक्रमणका संख्या टिप्नेछन् । अर्को ग्रीडमा खेलाडीले आफूले गरेका आक्रमणका संख्या टिप्नेछन् । पेन्सीलले ५ ओटा वर्गहरु बराबरको एउटा जहाज, ४ ओटा वर्गहरु बराबरको एउटा जहाज, ३ ओटा वर्गहरु बराबरको तीन ओटा जहाज, २ ओटा वर्गहरु बराबरको दुई ओटा जहाज र १ ओटा वर्गहरु बराबरको एउटा जहाज बनाउन लगाउनुहोस् । त्यस पछी खेल सुरु गर्नुहोस् । पहिला जसले सबै विपक्षी जहाजहरुका लागी प्रभुको आगमन देख्नेछन् त्यही नै बिजयी हुनेछ ।






www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# २ प्रभु माथि आस्था राख्नुहोस्

## फ्रोजन क्रिक क्याम्प / जोसेफलाई दुर्व्यवहार गरियौं

जेनिसिस ३७:१२-३५

### नाटकहरु: उफ्राई

आज खरायोले उफ्रन सिक्दैछ । मुस र खरायोले अलि गाह्रो ओरालोबाट सुरु गर्छन् । खरायोले मुसलाई भन्दछ की उसले हिजो कति राम्ररी स्की गरेको थियो । उसले मोड्न, चाँडो जान र स्की रोक्न सिकेको थियो । खरायोले सोच्छ कि ऊ स्की गर्न निकै राम्रो छ र उसलाई लाग्छ कि अब मुसको कुनै सहयोग बिना चुचुरा चढ्न सक्दछ । मुसले खरायोलाई भिरालोको माथीबाट सिकाउन सुरु गर्छ र उफ्रनको लागी प्रयास गराउन थाल्छ । सुरुमा उसले अगाडी झुकेर घुँडा खुम्च्याउनु पर्ने हुन्छ । त्यस पछी जसै ऊ उफ्रने ठाउँमा पुगे पश्चात् खुट्टा सोझ्याएर हातहरु छेऊतिर लग्नु पर्ने हुन्छ । जब जब मुसले खरायोलाई निर्देशन दिन थाल्छ, खरायोले ठीक उल्टो गर्न थाल्छ - हातहरु हावामा फैलाएर, जमिनमा सुतेर र स्कीको लट्ठीले मुसलाई घोच्न थाल्छ । बल्ल खरायोले मुसले भनेको जस्तै गर्न थाल्छ तर् मुसले नहेरेको बेला ठिक उल्टो गर्छ । जसै उनीहरु पहिलो साँच्चै उफ्रनु पर्ने ठाउँमा पुग्छ, खरायो ठिंग उभिन्छ, पछाडी तिर पल्टिन्छ र हिउँको थुप्रोमा पछारिन पुग्छ , खरायोले फेरी अर्को पटक उफ्रन खोज्छ र फेरी बिफल हुन्छ । मुसले धैर्यता पूर्वक खरायोलाई के गर्ने भनेर सम्झाउँदै बस्छ । खरायोले भन्छ "तपाई सही हुनु हुन्छ । मैले तपाईले भनेको सुन्नु पर्दछ र तपाईले भने जस्तै गर्नु पर्दछ ।" खरायोके सही तरिकाले उफ्रन खोज्छ र यस पाली ऊ राम्ररी जमिनमा अवतरण गर्छ । खरायोले भन्छ, "यो त अचम्म भयो ! मैले त यसले काम गर्दैन भनेर सोचेको तर गर्यो । वाह, मैले त धैरै सिक्नु पर्छ, चुचुरोबाट स्की गर्नु भन्दा अगि ।" मुस हाँस्दै भन्छ, "मलाई विश्वास गर् र मैले भनेको जस्तै गरी हेर, र एक दिन तिमी पहाडको चुचुरो चढ्न सक्ने हुन्छौ ।" उनीहरु ओरालो झर्न थाल्दछन् र मञ्चबाट निस्कन्छन् ।

### मुख्य पाठ: प्रभु माथि आस्था राख्नुहोस्



**बाईबलका हरफहरु**

तेरो सारा हृदयले परमप्रभुमा भरोसा गर्, म जान्दछु भन्ने तेरो विचारमा निर्भर नहो। आफ्ना सबै काममा परमप्रभुलाई सम्झी र उहाँले तँलाई ठीक मार्ग देखाएइदिनुहुनेछ। हितोपदेश 3:5-6

यस साताको पहाड चढाईमा , बेसक्याम्पबाट सुरु गरेपछि, हामी जमेको क्रिक क्याम्पमा आइपुग्दै छौं । अध्यात्मिक यात्रामा पहिलो रोकाई जहिले पनि प्रभु भरोसा हुनेछ ।

हाम्रो प्रवृति हामी आफैमा विश्वाश गर्नु हो । हामी हाम्रा उपलव्धिमा आफै पुग्ने कोशिश गर्छौं । ययपि, यो प्रभुको योजना होइन । प्रभुको लागि, माथिजाने बाटो तलतिर गएपछि सुरुहुन्छ । आज हामी जोसेफका थप कथाहरु सुन्छौं । उनिसँग विशाल सपना थिए, तर पहिलो भएको कुरा एकदम उल्टो थियो ! एक अधिकृतको स्थानमा जानुको सट्टा, जहाँ उसका दाजुभाईले शिर झुकाउथे, उनि एक दास बनि बेचिए !

हामीले यो पनि कल्पना गर्छौं कि हामीले एकपटक क्रिस्टलाई आफ्नो जीवन दिएपछि, हाम्रो लागि जीवन सरल हुन्छ । हामी सोच्छौं कि हामीले एकपटक प्रभुबाट विशेष सपना र हाम्रो जीवनको लागि एक विशेष बोलावट पाएपछि, कुराहरु ठिक हुन सुरु गर्छन । हामीले पहिल्यै आफुलाई मंचमा वा मिशन क्षेत्रमा, वा एक उन्नति पाएको वा थप साथीहरु बनाएको कल्पना गर्नसक्छौं । ययपि, जब यी कुराहरु हुँदैनन, हामी एकदम आश्चर्यमा पर्छौं !

प्रभुले तपाईंले कल्पना गर्नसक्ने भन्दा बढी तपाईंको ख्याल गर्नुहुन्छ । तपाईंले त्यहाँ पुगेर के आवश्यक पर्छ वहाँलाई थाहा हुन्छ, र वहाँको योजनामा तपाईं हुनुहुन्छ जसले तपाईंलाई ति कुराहरु सिकाउँछ । प्रभुले समयअघि तपाईंलाई एक उच्च पदमा राख्न चाहनुहुन्न । वहाँले तपाईंलाई तालिम दिन र तपाईंको ख्याल राख्न चाहनुहुन्छ, जसले गर्दा तपाईं आउने बेलामा यसको लागि तयार हुनुहुनेछ !

यस साताको हाम्रो थेम पद हो माथ्यु १०:३९: "आफ्नो जीवन पाउनेले यसलाई गुमाउने छन, र मेरोलागि आफ्नो जीवन गुमाउने जोकोहीले यसलाई पाउनेछन् ।"





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

आफ्नो सारा जीवनको नियन्त्रण छोड्नु र प्रभुलाई यसको मालिक बन्न दिनु डरलाग्दो छ । यदि तपाईंले प्रभुलाई आफ्नो जीवन दिनुभयो भने, वहाँले केहि विशेष गर्नुहुनेछ । जोसेफ जस्तै तपाईंले पनि पछाडी तिर गएको महशुस गर्नसक्नुहुन्छ । यदि तपाईंले प्रभुलाईं विश्वाश गर्नुभयो भने वहाँले विशाल सपनाहरु साकार बनाउनुहुन्छ ।

मुक्तिको प्रार्थना:
हे प्रभु, आज म तपाईंलाई मेरी जीवन दिन्छु । म यो छोडीदिन्छु, र तपाईंको हातमा राख्छु । आज म मेरो जीवनको लागि तपाईंलाई विश्वाश गर्छु, यदि यसले गर्दा मैले पिछडिएको महशुस गरेपनि । अब मैले बुझे कि तपाईंको पहाडको बाटो तलबाट छ । मेरो जीवन लिनुभएकोमा धन्यवाद । म यससँग तपाईंलाई विश्वाश गर्छु ।

## मुख्य बुँदा

प्रभु माथि आस्था राख्नुहोस्

# रोटेसन स्टेसनहरु

## चुचुराको रेष्टुरेण्ट दिन २

आज, ईनार बनाएर त्यसमा जोसेफलाई डुबाउनुहास् ।

जुटाउनु पर्ने सामग्रीहरुः
औंठी आकारको चिप्सहरु, प्रत्येक विद्यार्थीका लागी २ वा ३ ओटा
हल्का पानी हालेर चिप्लो हुने गरी भुटेर बनाएको मासको दाल
एउटा जनावरको आकारको कुकिज, विद्यार्थीका लागी "जोसेफ" भनी नाम दिन ।




निर्देशनहरुः
विद्यार्थीहरुले हल्का संग उनीहरुका औंठी आकारको चिप्सहरु मासको दालमा डुबाउँछन् र त्यसलाई चिप्सहरु जोड्नका लागी सिमेन्ट जस्तै प्रयोग गरी ईनारको आकृति निकाल्नुहोस् ।
विद्यार्थीहरुले उनीहरुको कुकिजको नाम "जोसेफ" भनी नाम राख्नेछन् र त्यसलाई ईनारमा डुबाउनेछन् ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

बाईबलको पहाड

जोसेफलाई दुर्व्यवहार गरियो
(जेनिसिस ३७:१२-३५)

## जोसेफ:

आदर !
मेरो नाम जोसेफहो, र आज फेरी तपाईंको भीबिएसमा फर्किन पाउनु मेरो लागि खुसीको कुरा हो । मैले तपाईंहरुलाई भने कि म एकदम महत्वपुर्ण बने । म इजिप्टको भिजिर थिए, जुन एक प्रधानमन्त्री जस्तै हो । त्यहाँ मेरो नाम जफेनाथ-पानिया थियो, तर तपाईंले मलाई जोसेफ भनि बोलाउन सक्नुहुन्छ । (जेन ४१:४५)
म अचम्मित भए कि जब म १७ वर्षको थिए, प्रभुले मलाई ठुला कुराहरु वाचा गर्नुभयो, र त्यसपछि मेरो सारा जीवन भताभुङ्ग भयो ! प्रभुले मैले सोचेअनुसारको प्रगति दिनुभएन ।
मलाई सम्झिन दिनुहोस, जब म एक युवक थिए...
प्रभुले मलाई दिनुभएका सपनाहरु म प्रष्ट सम्झन्छु । तिनीहरु यस्तो सच्चा थिए कि साँच्चै भएजस्तो । यद्यपि, मैले मेरो बुवालाई मेरो सपनाको बारेमा भनेपछि, मेरा दाजुभाईले मलाई एकदम घृणा गरे । उनीहरु म देखि छुटकारा पाउन चाहन्थे ।
एकदिन जब म मेरा दाजुभाईलाई भेट्न खेतमा गए, उनीहरुले मलाई तानेर एक सुखा कुवाको मुनि फ्याकीदिए । म एकदम पक्का छैन, तर मलाई लाग्छ मेरा दाजुभाइले त्यसदिन मलाई मर्ने सोचिरहेका थिए ! उनीहरुले व्यापारीहरुको एक गाडी इजिप्टतर्फा आइरहेको देखे । उनीहरुले मलाई कुवाबाट बाहिर निकाले, र मलाई एक दासको रुपमा बेचिदिए ! मलाई पत्याउनै गाह्रो भयो कि उनिहरुले आफ्नै भाइलाई त्यसो गर्नेछन !
उनीहरुले बुवालाई मेरो मृत्यु भयो भने, र थुप्रै रङ भएको मेरो विशेष कोट अलिकति रगतको दाग सहित वहाँलाई दिए । मेरो बुवाले मलाई खोज्नुभएन, तर मलाई लाग्थ्यो कि वहाँले खोज्नुहुन्छ ।
एक दासको रुपमा, परिवारबिना मलाई एकदम एक्लो महशुस भयो र मलाई कसैले माया गर्दैन थिए । मलाई त्यो भाषा बोल्न आउदैन थियो र कसरी भाग्ने भनि मलाई थाहा थिएन ।
सुरुमा, प्रभुले मलाई सपनाहरु दिनुभयो र भन्नुभयो कि एकदिन म एकदम विशेष हुनेछु । यद्यपि, अब मेरा परिस्थिति झन् खराव थिए । म विदेशमा एक दास थिए, र म को हुँ भनि केहि थाहा थिएन ।

## शिक्षक:

हाम्रो भीबिएसमा हामीलाई फेरी भ्रमण गर्नुभएकोमा धन्यवाद जोसेफ !
जोसेफ, प्रभुबाट एक विशेष बोलावट पाउनु, र त्यसपछि आफ्नो परिस्थिति झन् खराब हुनु तपाईंको लागि अचम्मको हुनसक्छ । यद्यपि, प्रभुले काम गर्ने यसरी हो । यदि प्रभुले हामीलाई विशाल कुराको लागि प्रयोग गर्न जाँदै हुनुहुन्छ भने हामीले कुराहरु अप्ठ्यारो हुँदा वहाँलाई विश्वाश गर्नुपर्छ । प्रभुले हामीलाई तालिम दिनको लागि हाम्रो जीवनमा सबै प्रकारका अप्ठ्याराहरु दिनुहुनेछ । हामी पछितिर गइरहेको महशुस हुँदापनि, हामीले प्रभुमा र हाम्रो जीवनमा वहाँको बोलावटमा विश्वाश गर्नुपर्छ ।
जोसेफ, तपाईंले आफु दासको रुपमा बेचिएको बेलामा पनि प्रभुमा विश्वाश गर्नुभयो ।
जब हामी अप्ठ्यारा परिस्थितिमा हुन्छौं, हामीले हाम्रो आँखा आफ्नो जीवनबाट हटाउनुपर्छ । हामीले हाम्रो आँखा प्रभुमा राख्नुपर्छ ।
नानीहरु, के तिमीहरुले प्रभुलाई आफ्नो जीवनसँग विश्वाश गर्छौ ?



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.



## गतिविधि:

समयअघि नै कक्षकोठाको अगाडी राख्नको लागि एक ठुलो काठको क्रस तयार गर्नुहोस । प्रत्येक विद्यार्थीको लागि टाँसिने नोट तयार गर्नुहोस । प्रभुलाई उनीहरुको जीवनसँग विश्वाश गर्ने कुरा गरेपछि, टाँसिने नोट दिनुहोस । त्यस नोटमा विद्यार्थीले प्रभुलाई के कुरामा विश्वाश गर्छन लेख्न दिनुहोस । पहिलो र एकदम महत्वपुर्ण कुरा चाँहि प्रभुलाई हाम्रो जीवनसँग विश्वाश गर्नु हुनेछ । यदि आज कुनै विद्यार्थीले पहिलोपटक वा पुन:समर्पण गर्दै प्रभुलाई आफ्नो जीवन दिँदैछन् भने, उनीहरुलाई नोटमा “मेरो जीवन” लेखेर क्रसमा राख्न भन्नुहोस ।



## अतिरिक्त:

आजको भीबिएस सुरु गर्नुअघि, आफ्नो शिक्षकहरुसँग भक्ति गर्नुहोस, उनीहरुलाई क्रसमा टाँसिने नोट राख्न दिएर ।

## भोटिङ

विद्यार्थीहरुलाई भोटिङ चार्टको वरपर जम्मा गर्नुहोस र प्रश्न र दुई सम्भावित छनौटहरु परिचित गराउनुहोस । प्रत्येक बालबालिकाले आफ्नो विचार छान्दै, चार्टमा आफ्नो उमेर समूहको भागमा हस्ताक्षर गर्नेछन । तपाईंलाई मन लागेमा तपाईंले भोटिङको लागि स्टिकर पनि प्रयोग गर्न सक्नुहुनेछ ।




क. कुवामा खस्नु रमाइलो थिएन, तर उसको भेंडा चराउने दिक्कलाग्दो जागिर छोडेर एक विदेशी देशको यात्रा गर्नु रमाइलो हुनसक्थ्यो त्यसैले ऊ आफ्ना दाजुभाईसँग त्यति रिसाएको थिएन ।
ख. जोले मार्सल आर्टस् कक्षाहरु लिएको भए हुन्थ्यो ताकी उसले आफ्ना हाकिम रहेका दाजुभाईलाई रोक्न सक्थ्यो जसले त्यस राम्रो कुरा हुन दिनेथिएन ।
ग. जब जोसेफलाई कुवाबाट बाहिर आउनको लागि डोरी प्रस्ताव गरियो, उसले थाहा पाउनुपर्थ्यो कि उसका दाजुभाई केहि समस्यामा थिए र आउन नमान्नुपर्थ्यो । उसले मरेको जस्तो गर्नुपर्थ्यो ।

# फ्रोजन खेलहरु

FROZEN GAMES



१. हिउँ पग्लाई
बच्चाहरुको टोलीहरु बनाउनुहोस् र सबैलाई लाईनमा बस्न लगाउनुहोस् । प्रत्येक टोली नेतालाई बरफको टुक्रा दिनुहोस् । टोलीका सदस्यले पालैपालो बरफको टुक्रा पग्लाउनलाई हातमा रगड्नेछन् । खेलाडीहरुले हात घोटिरहनु पर्नेछ, उनीहरुको हात चिसो नहुन्जेल र त्यसपछी आफ्नो पछाडिकोलाई बरफ दिनेछ । पहिला जसले बरफ पगाल्न सक्छ, उसले खेल जित्छ ।





२. हिउँको डल्लो फाल्नु
सेतो टिस्यू पेपर वा पत्रिका पोको पारी हिउँको डल्लो बनाउनुहोस् । बच्चाहरुलाई दुई टोलीमा बिभाजन गर्नुहोस् र बीचमा लाईन खिचेर सबैलाई लाईनको दायाँ बायाँ उभिन लगाउनुहोस् । उनीहरु सबैले केही हिउँका डल्लाहरु लिनेछन् र समय सुरु हुने बित्तिकै लाईनको अर्को पट्टि हिउँका डल्ला फ्याँक्न सुरू गर्नेछन् । तपाईंको घडि वा मोबाईल फोनमा १ मिनेटका लागी टाईमर सेट गर्नुहोस् । जुन पक्ष कहाँ थोरै हिउँका डल्ला हुन्छन्, त्यही बिजयी हुनेछ ।



www.ChildrenAreImportant.com – Children’s ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# क्याबिन शिल्प कला दिन २

## ईनार



निर्देशनहरु
१. ईनारको आकृतिमा कागज काट्नुहोस् । नटुटेका धर्काहरुबाट काट्नुहोस् र थोप्ला थोप्ला भएका धर्काहरु पट्याउनुहोस् ।
२. ईनारमा रंग लगाउनुहोस् ।
३. ईनारको फेदमा मिलाएर टाँस्नुहोस् र गोलो आकृति दिनुहोस् ।
४. थोप्ला थोप्ला भएका धर्काहरु पट्याउनुहोस् र ईट्टाको आकार दिनुहोस् ।
५. जोसेफको आकृति काट्नुहोस् र त्यसलाई ईनार भित्र राख्नुहोस् ।


# स्की कक्षा




## विद्यार्थीको क्रियाकलाप पृष्ठ


क्रियाकलापका पृष्ठहरु बाँड्नुहोस् । पजलहरु हल गर्नुहोस् । पानालाई नाडीमा बाँध्ने सरह पट्याउनुहोस्, सम्झिनु पर्ने हरफहरु देखिने गरी । त्यसलाई यहाँ देखाए जस्तै बच्चाको नाडीमा टेपले टाँस्नुहोस् । अब तिनीहरुले पाठ आफूसंग घर लान सक्नेछन् ।

## उत्तरहरु









जोसेफ ईनारमा खस्छन् (ह्याङ्ग म्यान) एक व्यक्तिले कुनै शब्द सोच्नेछ र त्यही शब्दमा अक्षर बराबरको ड्यासहरु कोर्नेछ । अर्को खेलाडीले अक्षरहरु अनुमान गर्नेछ । यदी अनुमान सही भएको खण्डमा अक्षर ड्यासहरुमा लेखिनेछन् । यदी अक्षरको अनुमान गलत भए, शरीर कोरिनेछ, हेरक अंगहरु प्रत्येक पल्ट गरी (शरीरमा टाउको, २ ओटा खुट्टाहरु, २ ओटा पाखुराहरु, २ ओटा हातहरु र २ ओटा पैतलाहरु हुनेछन्) । जोसेफ ईनारमा खस्नु भन्दा अगाडी सही शब्दको अनुमान लगाउनुहोस् !






www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# ३ प्रभुको सेवा गर्नुहोस्

जंगलको छेउको क्याम्प / जोसेफले पोतिफारको घरमा सेवा गरे

जेनिसिस ३७:३६, ३९:१-६

## नाटकहरु: ओरालो र घुम्तीहरुमा स्की

आज खरायोले स्लालोम (दायाँ बायाँ तिर चिप्लेटी गर्न) र गति नियन्त्रण गर्न सिक्दैछ । उनीहरु अझ गाह्रो र भिरालो तिरबाट आउन लागेका छन् , खरायोलाई स्लालोम भन्न आउछँदैन र सालोलाउमोल भन्न थाल्छ । खरायोलाई स्लालोम गर्न मन लाग्दैन किनभने उसलाई यो नरमाईलो लाग्छ र किनभने उसले पहिलो दिनमा नै स्की गर्न सिकीसकेको थियो । उसले जति सक्दो चाँडो जान खोज्छ ताकी उसले केही उफ्राईहरु अभ्यास गर्न सकोस् । मुसले उसलाई दायाँ अनि बाँया ढल्किन सिकाउँछ । खरायोले कही पल्ट अभ्यास गर्छ र निदाएर लड्न पुग्छ । जब तयार हुन्छ, मुस खरायोको अगाडी जान्छ र उसलाई पछी पछी आउन भन्छ । खरायो त्यसको सट्टा चाँडो चाँडो जान्छ र मुसलाई पछाडी पार्छ । मुसले खरायोलाई बिस्तारै जानु पर्छ भनी भन्छ । खरायोले वास्ता नगरी जान्छ र चाँडै यति छिटो जान्छ कि रुखहरु भएको तिर पुग्दा उसले स्की नियन्त्रण गर्न सक्दैन । “ओहो! रुखहरु!” ऊ कराउँछ, जसै ऊ जति सक्दो चाँडो दायाँ बायाँ छल्न खोज्छ । खरायो रुखमा ठोकिन्छ र हिउँमा पछारिन्छ । मुस चिप्लेटी खेल्दै खरायोको नजिकै रोकिन्छ र खरायोलाई उठ्न मद्दत गर्छ । खरायोले भन्छ, “तपाईको लुगा कस्तो राम्रो । म कछुवा मार्न जान्छु ।“ र जिब्रो टोक्दै बेहोस हुन्छ । मुसले उसलाई उठाउँछ र टाउकोबाट हिउँ हटाई दिन्छ । खरायोले भन्छ कि उसले मुसले भनेको कुरा मान्नु पर्थो । मुस हाँस्दछ र भन्छ, “मलाई बिश्वास गर र मैले भनेको जस्तो गर, र एक दिन तिमीले चुचुरो चढ्न सक्नेछौ ।“ मुसले तलतिर झर्ने र फेरी माथी गएर गति नियन्त्रण गरी स्की गर्न अभ्यास गर्ने सुझाउँछ । उनीहरु मन्चबाट निस्कन्छन् ।

## मुख्य पाठ: प्रभुको सेवा गर्नुहोस्



बाईबलका हरफहरु

मेरो काम गर्न चाहनेले मलाई पछ्याउनुपर्छ। जहाँ-जहाँ म हुन्छु, त्यहीँ नै मेरो काम गर्ने पनि हुनेछ। मेरो पिताले मेरो काम गर्नेलाई कदर गर्नुहुनेछ।” यूहन्ना 12:26

“सीमारहित गन्तव्य” भीबीएसमा पुन स्वागत छ ! हाम्रो जीवनको लागि प्रभुले राख्नुभएका विशाल योजनाहरुसामु पुग्ने एक अध्यात्मिक पहाड चढिरहेको बेलामा हामी तपाईंलाई यहाँ पाएर खुसि छौं । हामी सबैलाई थाहा छ कि प्रभुले हामीलाई माया गर्नुहुन्छ, र हाम्रो जीवनसँग केहि विशेष गर्न चाहनुहुन्छ, र त्यसैले हामीले त्यहाँ पुग्नको लागि यो पहाड चढिरहेका छौं । यसले केहि दुखाइ, पसिना र आँसु लिनसक्छ, तर त्यति यसको लागि योग्य छ । यद्यपि, हामी सिक्दैछौं कि त्यहाँ यस पहाडको बारेमा केहि भिन्नता छ । यो हामीले सोचेजस्तो चढाई होइन । यस्तो लाग्छ कि हामी पहाडको माथि जानुको सट्टामा तल गइरहेका छौं !
हामीले यस साता जोसेफलाई भेटेका छौं, र उनले आफ्नो जीवन कसरी आफुले सोचेको जस्तो भएन भन्ने कुरा बाड्नेछन । जब जोसेफले सबैजनाले कसरी आफुसामु शिर झुकाउनेछन भनि प्रभुमार्फत ति सपना देखे, उनले सोचे कि प्रभुले उनको जीवनमा केहि आश्चर्यजनक र अचम्मलाग्दो कुरा गर्नुहुनेछ । तथापी, उनि दुर्व्यवहार गरिए र दास भएर बेचिए !
आज हामीले त्यसपछि के भयो भनि जान्ने छौं । हार मान्नुको वावजुद, जेसेफले आफु भएको ठाउँमा नै सेवा गर्न चाहे । उनले पर्खाइमा रहँदा केहि नगरेको भए हुन्थ्यो, उनि एक राम्रो दास बन्न थाले । प्रभुले तपाईं र मैले त्यहि कुरा गरेको चाहनुहुन्छ ।
जब हामीले हाम्रो जीवनमा केहि ठुलो कुरा गर्न चाहन्छौं, हामीले साना कुराहरुमा सेवा दिएर सुरु गर्नुपर्छ । हामीले एउटा कुचो बोकेर बढ़ालनु आवश्यक छ । केवल उठेर चर्चमा कतैतिर सेवा गर्नुहोस । प्रभुलाई जतासुकै, कुनै समय, र कुनैपनि कुरामा सेवा गर्नुहोस । इमान्दार रहेर हार नमान्नुहोस । यो कठिन छ !



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.



जब हामीलाई थाहाहुन्छ कि हाम्रो लागि प्रभुसँग ठुला योजना छन, तब साना कुराहरु गर्न एकदम कठिन हुन्छ, तर त्यहाँ पुग्ने यसरी नै हो । प्रभुको राज्यमा, माथिको बाटो तलपट्टि छ ! हामी प्रभुको सेवा गर्दै पहाडमा टिम्बरलिन क्याम्प (जंगलको छेउ क्याम्प)मा आइपुग्यौं ।

“जसले आफ्नो जीवन पाउने छन तिनले गुमाउनेछन, र जसले मेरो लागि आफ्नो जीवन गुमाउनेछन तिनले पाउनेछन ।” माथ्यू १०:३९ साना र काम नलाग्ने खालका कामहरु गर्नु भयानक छ, तर यदि तिमीले गर्छौभने, प्रभुले तिमीलाई तालिम दिनुहुन्छ । प्रभुले केहि विशेष गर्नुहुनेछ । यदि हामीले प्रभुसँग हाम्रो लागि रहेको तालिम चाहन्छौं भने, हामीले साना कुराहरुमा सेवा गर्न चाहनुपर्छ । हामीले पहिले हाम्रो जीवन गुमाउनुपर्छ र पछाडी जानुपर्छ, जोसेफले गरेजस्तै । यदि हामीले प्रभुको सेवा गर्यौं भने, हामीलाई थाहा छ कि कुनैदिन वहाँले हामीलाई दिनुभएको सपना साकार पार्नुहुनेछ ।



### मुख्य बुँदा

प्रभुको सेवा गर्नुहोस्

# रोटेसन स्टेसनहरु


## चुचुराको रेष्टुरेण्ट दिन ३

हामी जसै माथी चढ्न थाल्छौं, हामीले पक्कै पनि स्नो फ्लेक्सहरु भेट्टाउनेछौं ।

जुटाउनु पर्ने सामग्रीहरुः
भ्यानिला कुकिज
सेतो आईसिंग
सानो प्लाष्टिक झोला (४-५ जना विद्यार्थीको लागी एउटा)
चिनी
खाना रंग्याउन निलो रंग




निर्देशनहरुः
१-२ चम्चा आईसिंग राखेर कुनाको चुच्चो काटेर आईसिंग ब्याग तयार पार्नुहोस् ।
चिनीमा एक थोपा खाना रंग्याउन निलो रंग राखी निलो चिनी बनाउनुहोस् ।
विद्यार्थीहरुले आईसिंग क्रिष्टल आकारको लाईन कुकिजमा राखेर एक चिम्टी टल्किने निलो चिनीले सजाएर स्नोफ्लेक्स बनाउन रमाईलो मान्नेछन् ।



# बाईबलको पहाड


जोसेफले पोतिफारको घरमा सेवा गरे.
जेनिसिस ३७:३६, ३९:१-६

## जोसेफ:

आदर !
मलाई सम्झनुभयो, जोसेफ ! तपाईंको भीबीएसमा फेरी आउँदा खुसि लग्यो !
नानीहरु, मलाई अन्तिम पटक के भएको थियो सम्झिन सक्छौ ? मेरा आफ्ना दाजुभाइले मलाई दास बनाएर बेचे ! मलाई थाहा थियो कि उनीहरुले मलाई मन पराउदैनन्, र हामीले धेरै झगडा गर्यौ, तर सबै परिवारमा त्यो सामान्य हो । तर मैले सोचेको थिईन कि उनीहरुले मलाई मिद्यानीहरुलाई बेच्नेछन !
मिद्यानीहरुले मलाई इजिप्टमा लगे, र उनीहरुले मलाई राजाको एक अधिकारी र सेनाको क्याप्टेन, पोटीफरलाई बेचे !
मैले काम गरेर मेरो गुरुको सेवा गर्नु थियो । यद्यपि, प्रभुले मलाई अनुग्रह गरेर मद्दत गर्नुभयो । एक खराब मनोवृत्ति राख्न सजिलो हुन्थ्यो, तर मैले आफुले सकेसम्म आफ्नो गुरुलाई सेवा दिने निर्णय गरें ।
मलाई थाहा थियो कि मेरो लागि प्रभुसँग ठुला योजना छन । म पोटिफरको घरमा अड्केको भएपनि, मैले कुचो खोजेर सेवा गर्न चाहें । मैले मेरो गुरुले भन्नुभएको सबै गरे; कुनैपनि काम सानो थिएन ।
नानीहरु, मेरा सपनाहरु सम्झिन्छौ ? आकाशका सबै ताराहरुले शिर मेरोसामु शिर झुकाएका सपना देख्ने मै हुँ । मलाई साँच्चै प्रभुले मलाई दिनुभएको सपनातर्फ बढेको महशुस गरिन । इमान्दारीपूर्वक, मैले महशुस गरे कि म पछि बढ्दै थिए ।
केहि समयपछि, मेरो गुरुले मलाई याद गर्नुभयो, र मलाई वहाँको व्यक्तिगत सेवकमा बढ्वा गर्नुभयो । म अझैपनि एक दास थिए, तर मसँग धेरै जिम्मेवारी थिए । यस्तो महशुस भयो कि प्रभुले मलाई आशिर्वाद दिंदैहुनुन्छ, वहाँले मलाई दास बनाएर विदेशमा ल्याएता पनि !

## शिक्षक:

हाम्रो भीबीएसमा पुन भ्रमण गर्नुभएकोमा धन्यवाद जोसेफ !
जोसेफ, तपाईंलाई प्रभुबाट विशेष बोलावट आउँदा, र त्यसपछि आफुलाई विदेशमा एक दासको रुपमा पाउँदा अचम्म लाग्यो होला !
यद्यपि, प्रभुले काम गर्ने यसरी हो ! यदि प्रभुले हामीलाई ठुला कुराहरु गर्न प्रयोग गर्नुहुँदैछ भने, हामीले वहाँलाई एकदम साना कुराहरुमा सेवा गर्नुपर्छ । प्रभुले हेर्नुहुन्छ कि यदि हामीले काम गर्न र अरुलाई सेवा दिन चाहेका छौं । हामीले अरुलाई सेवा दिंदा वहाँले हामीलाई ठुला कुराहरुको लागि तालिम दिनुहुनेछ । हामी पछि बढिरहेको जस्तो लागे पनि, हामीले जहाँ भएपनि प्रभुको सेवा गर्नुपर्छ, किनभने अगाडीको बाटो त्यहि हो ।
जोसेफ, तपाईंले प्रभुको सेवा गर्नुभयो, तपाईं एक दास रहँदा पनि । तपाईंलाई भिंडमा हराएको जस्तो लाग्यो ? तपाईंलाई कसैले पनि आफु र आफुमा भएको प्रभुको क्षमता याद नगरेको जस्तो लाग्यो ? (जोसेफले भन्छन, “हो ।”
हामीले पहाडको टुप्पोबाट आफ्नो आँखा हटाउनुपर्छ, र कुचो समातेर बढालन चाहनुपर्छ । हामीले प्रभुलाई साना कुराहरुमा सेवा दिनुपर्छ । नानीहरु, के तिमीहरुले प्रभुलाई आफ्नो जीवनद्वारा सेवा दिन्छौ ?





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## गतिविधि:

समय मिल्योभने आफ्ना विद्यार्थीहरुसँग “शेरेड” खेल खेल्नुहोस ।
खेलको लागि निर्देशनहरु:
१.खेल सुरु गर्नको लागि एउटा खेलाडी छान्नुहोस ।
२.उसले सुचीबाट सेवा गर्ने एउटा तरिका छान्नुपर्छ वा लेखिएको कागजको पानाबाट एउटा झिक्नुपर्छ ।
३.त्यसपछि उक्त खेलाडीले शव्दको नक्कल गर्छ, वा सेवा गर्दै नाटक गर्छ ।
४.ठिकसँग अनुमान गर्ने पहिलो व्यक्तिले एक अंक पाउँछ । (धेरै अंक भएको समूह वा व्यक्तिले जित्नेछ ।)

प्रभुको सेवाको नक्कल गर्ने विचारहरुको सुची:
•फोहोर उठाउने
•भुइँ बढालने
•भाँडा माझ्ने
•लुगा उठाउने
•भजनमा गाउने
•भुइँ पुस्ने
•पादरीलाई सहायता दिने
•एक शिशु कक्षा पढाउने
•लाइनमा अन्तिम हुने
•चर्चमा अरुलाई आमन्त्रण गर्ने
•ढोकामा अरुलाई आदर गर्ने
•सफा भाँडाहरु पर राख्ने



## भोटिङ




विद्यार्थीहरुलाई भोटिङ चार्टको वरपर जम्मा गर्नुहोस र प्रश्न र दुई सम्भावित छनौटहरु परिचित गराउनुहोस । प्रत्येक बालबालिकाले आफ्नो विचार छान्दै, चार्टमा आफ्नो उमेर समूहको भागमा हस्ताक्षर गर्नेछन । तपाईंलाई मन लागेमा तपाईंले भोटिङको लागि स्टिकर पनि प्रयोग गर्न सक्नुहुनेछ ।

क. जोसेफले एक नम्र नोकरको रुपमा काम गर्नु र पोटीफरले दिएका कुनैपनि काम गर्नु ठिक कुरा थियो ।
ख. जोसेफले धेरै महत्वपुर्ण रहेको जस्तो गर्नुपर्थ्यो, र पोटीफरलाई प्रभुले आफ्नो लागि राख्नुभएका ठुला योजनाहरु वर्णन गर्नुपर्थ्यो । यदि उसले जागिरको अन्तर्वार्ता राम्रो दिएको भए महत्वपुर्ण जागिर पाउनसक्थ्यो ।

## फ्रोजन खेलहरु



१. हिउँको डल्लो हत्याउनु
सेता बेलुनमा पानी भर्नुहोस्, तिनीहरुलाई “हिउँका डल्ला” भनी नाम दिनुहोस् । दुई दुई जनालाई मुखामुख गरी उभिन दिनुहोस् र हिउँका डल्ला एक अर्कालाई हत्याउन लगाउनुहोस् । प्रत्येक हत्याई संगै उनीहरु एक पाइला पछाडी सर्दै जानु पर्नेछ । जब उनीहरुको बेलुन फुट्नेछ, उनीहरु खेलबाट निस्नकेछन् ।



२. हिमपात आउनु
सेता बेलुनहरुलाफ हिउँको रुपमा फुक्नुहोस् । तपाईंको टोलीलाई दुई टोलीमा बाँड्नुहोस् । बिद्यार्थीहरुले जित्नका लागी बेलुन मुखले फुकेर भुईँमा अर्को पट्टी लग्नु पर्ने हुन्छ ।



www.ChildrenAreImportant.com – Children’s ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# क्याबिन शिल्प कला दिन ३

## बुकमार्क



निर्देशनहरुः
१.बुकमार्कको आकृति काट्नुहोस् । हरेक बालबालिकालाई बुकमार्कको आकृति दिनुहोस्, एउटा रिबन वा घुम्रिएको रिबन, २ टुक्रा स्नो फ्लेक्स र ६ ओटा स्पाईरलहरु ।
२.बुकमार्कमा रंग लगाउनुहोस् ।
३.स्नो फ्लेक्सहरु र स्पाईरलहरु बुकमार्कमा टाँस्नुहोस् ।
४.रिबनलाई प्वालबाट टाँस्नुहोस्, रिबनको दुबैतिर पोते गाँसि दिनुहोस् र रिबनमा गाँठो कसी दिनुहोस् ।
ध्यान दिनुहोस् कि बुकमार्मे नच्यातियोस् ।


# स्की कक्षा




## विद्यार्थीको क्रियाकलाप पृष्ठ

क्रियाकलापका पृष्ठहरु बाँड्नुहोस् । पजलहरु हल गर्नुहोस् । पानालाई नाडीमा बाँध्ने सरह पट्याउनुहोस्, सम्झिनु पर्ने हरफहरु देखिने गरी । त्यसलाई यहाँ देखाए जस्तै बच्चाको नाडीमा टेपले टाँस्नुहोस् । अब तिनीहरुले पाठ आफूसंग घर लान सक्नेछन् ।

## उत्तरहरु











टिक-ट्याक-टो खेल्ने समय भयो !
विद्यार्थीहरुलाई आफ्ना साथीहरु चुनी खेल खेल्न लगाउनुहोस्, र अगाडी बढी सबै ६ ओटा खेलहरु खेल्नुहोस् ।
खेलाडीहरुले पालैसंग ३X३ को ग्रीडको खाली कोठाहरुमा “X” र “O” भर्नेछन् । जसले क्रमै संग ठाडो, तेर्सो वा छड्के ३ ओटा आफ्ना चिह्नहरु कोर्न सफल हुन्छ, उसले नै खेल जित्नेछ ।





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# ४ प्रभुको आशा गर्नुहोस्

## हिउँखोलाको क्याम्प / जोसेफलाई जेलमा बिर्सियो

जेनिसिस ३९:७-४०:२३

### नाटकहरु: पर्खाई

आज खरायोले कुर्नु पर्नेछ - उसलाई सबभन्दा मन नपर्ने काम । मुस र खरायो माथी स्की लिफ्ट भएतिर आश्रय लिन गए, जुन तिनीहरु भोली चढ्नेछन्, र मुसले केही खानेकुरा आगोमा पकाउँछ । खरायोले पटक पटक सोधिराख्छ कि के उनीहरु आज पहाड माथी जान्छन्, र मुसले खरायोलाई पर्खन भन्छन्, किन भनेर नभनीकन । खरायोले मुसलाई पहाड चढ्न प्रयत्न गर्छ । उसले मुसलाई भन्छ कि उसका खुट्टाहरु दुखेका छैनन् र तल माथी उफ्रेर देखाउँछ, तर जब मुसले नहेरेको बेला आफ्ना खुट्टा दुखे जस्तै मुसार्न थाल्छ । उसले मुसलाई जिस्क्याएर स्कीम लग्न खोज्छ, पछी सुप बनाउन मद्दत गर्छु भनी कसम खान्छ, घुँडा टेकेर जान अनुरोध गर्छ र स्की ढोका सम्म लगेर मुसलाई उक्साउन खोज्छ । तर मुस भने सुप पकाउन बसीराख्छ र खरायोलाई ध्यान दिंदैन । धेरै प्रयास गरेपछी खरायोले मुसलाई बाहिर लान प्रयास गर्न छोड्छ र त्यहाँ पागल हुन थाल्छ । पहिले उसले खुट्टा थपथपाएर घडी हेर्न थाल्छ । ऊ रिंगटा लागेर नलडे सम्म फन फन घुमी राख्छ । त्यस पछी मुसले नहेरेको बेला पारेर मुख बिगारेर बस्छ । धेरै बेर चलेर र गोल गोल घुमेर खरायोले आफैलाई भन्छ कि मुसलाई चुचुरोमा जानु नै छैन र कुनामा गएर लड्न पुग्छ । मुसले सुप तयार पारी टेबलमा राख्छ र खरायोलाई ठुस्किन छाड्न भन्छ । अन्तमा जब खरायोले पुन सोध्छ कि उनीहरु चुचुरोमा किन नगएको भनी मुसले मौसम खराब भएकाले जान मिल्दैन र मौसम सफा नभए सम्म कुर्नु पर्ने बताउँछ । "ए..." खरायोले भन्छ, "मैले त त्यसको बारे सोच्दै नसोचेको ।" मुस हाँस्दै भन्छ, "मलाई विश्वास गर र मैले भने जस्तै गर, र एक दिन, चाँडै नै तिमीले चुचुरो चढ्नेछौ ।" खरायोले भन्छ, " हो, तपाईले ठिक भन्नुभयो । मैले तपाईलाई सुरु देखि विश्वास गर्नु पर्थो, तपाईले के गर्दै हुनुहुन्छ भनेर बुझ्न । म तपाईले बेला भयो नभने सम्म कुरेर बस्छु ।"






### मुख्य पाठ: प्रभुको आशा गर्नुहोस्



**बाईबलका हरफहरु**

हामी प्रभुमा आफ्नो आशा राख्दछौं,
उहाँ हाम्रा रक्षक र सहायता हुनुहुन्छ।.
भजनसंग्रह 33:20

"सीमारहित गन्तव्य" भीबिएसमा पुन स्वागत छ !
तपाईंमध्ये कतिलाई थाहा छ कि प्रभुले तपाईंको जीवनको लागि केहि विशेष योजना बुन्नुभएको छ ? हो ! यो आश्चर्यजनक छ !
हामीले अध्यात्मिक पहाड कसरी चढ्ने ? (नानीहरुलाई जवाफको लागि समय दिनुहोस) हो ! पहाड माथि चढ्ने बाटो तलतिर छ !
यद्यपि, हामीले तलतिर जाँदा आत्तिनुको सट्टा प्रभुमा विश्वाश गर्नुपर्छ । एकदिन हामी पहाडको टुप्पोमा आइपुग्ने छौं !
यस साता जोसेफले हाम्रो भीबिएसको भ्रमण गर्दै हुनुहुन्छ र वहाँले आफ्नो जीवनको बारेमा विश्लेषण गर्दै कसरी माथिको बाटो तलतिर रहन सक्छ भनि हामीलाई बुझ्न मद्दत गर्नुहुन्छ ।
पहिले प्रभुले वहाँलाई दुइ विशाल सपनाहरु दिनुभयो, प्रभुले वहाँलाई एक ठुलो शैलीमा प्रयोग गर्ने र सबैले वहाँसामु शिर झुकाउने । ति सपनाहरु नजिक हुनुको सट्टा, वहाँलाई एउटा कुवामा धकेलिएको थियो र दास बनाई बेचिएको थियो । पहिले वहाँले प्रभुमा विश्वाश गर्नुपर्ने थियो, र त्यसपछि प्रभुको सेवा, महत्वपुर्ण नरहेका कार्यहरुद्वारा पनि । यद्यपि, आज हामीले वहाँलाई त्यसपछि के भयो जान्ने छौं र त्यो खराब थियो ! उनी वेवास्ता गरि भुलिएका थिए !
खराब ? हो, थुप्रै मानिसको लागि बिर्सिईनु भन्दा दुर्व्यवहार हुनु सम्हाल्न सजिलो हुन्छ । जेसेफलाई जेलमा राखिएको थियो, र त्यहिँ छोडिएको थियो । उनि बिर्सिईएका थिए । वहाँसँग आफ्नो सेवाको बारेमा गर्व गर्नको लागि पनि केहि थिएन, मात्र उनको प्रभुमा रहेको विश्वाश बाहेक ।
प्रभुले तपाईंको बारेमा ख्याल गर्नुहुन्छ । प्रभुले तपाईंलाई तालिम दिएर तपाईंको सपना





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

साकार हुनुअघि तयार पार्नुपर्छ । यो प्रकाशमा हुन सक्दैन, तर कसैले नहेरेको ठाउँमा गरिनुपर्छ । समय बित्दै जाँदा प्रभुले तपाईमा कार्य गर्नुहुनेछ । यस्तो लाग्न सक्छ कि तपाईंको सपनाको लागि केहि गरिएको छैन, तर त्यो सत्य होइन । प्रभुले तपाईंको लागि कार्य गर्दै हुनुहुन्छ !
दुर्भाग्यवस, यसले वर्षौं लगाउन सक्छ ।
जब आज तपाईंले वहाँलाई देख्नुहुन्छ, वहाँलाई सोध्नुहोस कि वर्षौं जेलमा राखेर बिर्सिईनु वहाँलाई कस्तो लाग्यो ।
याद नगरीईकन प्रतिक्षा गर्नु एकदम निराशाजनक हुन्छ । यद्यपि, आशा नहार्नुस; प्रभुले तपाईंको जीवनमा केहि विशेष गर्नुहुनेछ । यदि हामीले प्रभुसँग हाम्रोलागि रहेका कुरा चाहन्छौं भने हामीले जोसेफले जस्तै प्रतिक्षा गर्नैपर्छ । यदि हामीले प्रभुमा आशा राख्न सक्यौं भने, वहाँले ति अघिका सपनाहरु एकदिन हाम्रो जीवनमा सफल बनाउनुहुनेछ ।

### मुख्य बुँदा
प्रभुको आशा गर्नुहोस्

# रोटेसन स्टेसनहरु

## चुचुराको रेष्टुरेण्ट — दिन ४

चढ्ने हामीलाई प्यासी बनाउँछ!
आउनुहोस् हाम्रो स्नोबल पंच / जुस आज।



जुटाउनु पर्ने सामग्रीहरुः
ठूलो कचौरा र डाडु
१ ओटा ठूलो भाँडा भरी ब्लू हवाईयन पञ्च वा कुनै पनि ब्लू जूस
१ वा २ लिटरको 7-up, Sprite वा Squirt
२ कप भुईंकटहरको जुस
स्नोबल बनाउनका लागी भ्यानिला आईसक्रिम

निर्देशनहरु:
जुस र सोडाहरु मिसाउनुहोस् ।
त्यस जुस माथी भ्यानिला आईसक्रिम राखिदिनुहोस् ।


www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

## बाईबलको पहाड

जोसेफलाई जेलमा बिर्सियो
(जेनिसिस ३९:७-४०:२३)

### जोसेफ:

आदर केटाकेटीहरु !
हामी अन्तिम पटक म सैनिक क्याप्टेनको घरमा एक दास रहेको कुरामा थियौं । त्यो सदाको लागि रहेन किनभने उनकी पत्नीले मलाई झुटो आरोप लगाईन र मलाई जेलमा राखियो !
जेल रमाइलो थिएन । यद्यपि, जेल संचालकले मलाई केहि काम दिएपछि मैले आफुलाई व्यस्त राखे । अवस्यपनि, जेलभित्रको सबैकुराको लागि जिम्मेवार रहनु रमाइलो थिय्प । यद्यपि, म एक युवक हुँदा प्रभुले मलाई दिनुभएको सपना त्यो थिएन ! मैले कहिले सोचिन कि म एकदिन जेल संचालक, जेलभित्रको सबैकुराको अधिकृत बन्ने छु !
होइन ! म बाहिर आउन चाहन्थे ।
समय बित्दै जाँदा मलाई सबैले बिर्सीए ।
त्यसपछि एक-दिन राजाका सेवक रहेका दुइ व्यक्ति म सँगै जेलमा परे ! राजाको चिया र नास्ता बनाउने जेलमा थिए । मलाई थाहा थियो कि मेरो बाहिर निस्कने मौका यहि हो । प्रभुले मेरो ध्यान राख्नु हुन्थ्यो, र यो एक ठुलो गल्ती रहेको कुरा उनीहरुलाई महशुस गराउन मद्दत गर्नुहुन्थ्यो । प्रभुसँग मेरो लागि ठुला सपना छन्, र म अझैपनि जेलमा हुनुपर्ने थिएन !
दुवै मानिसले एक रात सपना देखे, र मैले उनीहरुको सपनाको अर्थ भन्दै उनीहरुको मद्दत गरे । चियावालाको सपनाको अर्थ ३ दिनमा ऊ दरबारमा लगिने थियो । यद्यपि, नास्तावालाको सपनाको अर्थ ३ दिनमा उसको टाउको काटिने थियो !
अवश्य पनि, मैले उक्त चियावालालाई ऊ दरबारमा पुगेपछि मलाई याद गर्न भने ।
मैले उसलाई भने कि मैले केहि गल्ती गरेको थिईन, तरपनि मेरो देशबाट टाढा परिएर आफुलाई यस जेलमा पाएँ । यो पूर्णरुपमा अन्यायपूर्ण थियो, र मा बाहिर आउन चाहन्थे ।
तैपनि, फेरी समय बित्दै गयो र सबैले मलाई बिर्सिए ।
चियावाला दरवारमा फिर्ता गयो, मैले भनेजस्तै, तर उसले मेरो बारेमा राजालाई भन्न सम्झिएन । थप दुइ वर्ष बित्यो, र म अझैपनि त्यहि जेलमा थिए । म बिर्सिईएको थिए ।
साँच्चै हो केटाकेटीहरु, जेलमा रहनु एकदम गाह्रो थियो जबकी मलाई थाहा थियो प्रभुसँग मेरो जीवनको लागि ठुला योजना छन । मैले प्रतिक्षा गर्दै प्रभुमा आशा राख्नु पर्यो ।
मैले प्रतिक्षा गरे, प्रभुले कुनैदिन मलाई मुक्त पार्नुहुने र मेरो लागि वहासँग भएको सपना पुरा हुने आशा राखे ।

### शिक्षक:

यस भीबिएस भरि हामीसँग रहनुभएकोमा धन्यवाद जोसेफ !
जोसेफ, प्रभुबाट एक विशेष बोलावट आउनु, त्यसपछि आफुलाई जेलमा पाउनु तपाईंलाई अचम्मको लाग्यो होला !
यद्यपि, प्रभुले यसरी नै कार्य गर्नुहुन्छ । यदि प्रभुले हामीलाई विशाल कुराहरु गर्न प्रयोग गर्दै हुनुहुन्छ भने, हामीले प्रभुमा आशा राख्नुपर्छ, हामीले हराएको, भुलिएको महशुस गरेपनि । प्रभुले हामीले प्रतिक्षा गर्न र वहाँमा आशा राख्न सक्ने नसक्ने सबै प्रभुले हेरिरहनुभएको हुनेछ । हामीले आफु भूलिदा वा पछि छोडिदा पनि, हामीले प्रभुमा आशा र विश्वाश गर्नुपर्छ किनभने अगाडी बढ्ने तरिका त्यहि हो । जोसेफ, तपाईंले आफु जेलमा रहँदा पनि प्रभुमा विश्वाश गर्नुभयो । तपाईंले भिंडमा हराएको महशुस गर्नुभयो ? के तपाईंलाई कसैले आफुलाई नचिनेको र प्रभुसँग आफ्नो जीवनको लागि रहेको सम्भावना कसैलाई थाहा नरहेको महशुस गर्नुभयो ? (जोसेफले भने, "हो ।")
हामीले पहाडको टुप्पोबाट आँखा हटाउनुपर्छ, र प्रभुको समयको लागि प्रतिक्षा गर्नुपर्छ । हामीले प्रभुलाई कुर्दा र प्रभुमा आशा राख्दा, साना कुरामा पनि प्रभुको सेवा गर्नुपर्छ । नानीहरु, के तिमीहरुले पनि आफु हराएको वा भुलिएको महशुस गर्दा प्रभुमा आशा राख्दछौं ?



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.




## गतिविधि:

नानीहरुलाई कागजको एउटा चिज "खोला"मा राख्न र त्यो तलतिर बगेको हेर्न भन्नुहोस । यो गतिविधि हामीलाई प्रभुमा समय रहने र हामीले वहाँमा आशा राख्नसक्ने कुरा याद गराउनको लागि हो । हामीले आफ्नो सपनाको लागि प्रभुमा विश्वाश गर्नछौं, र हामीले वहाँको प्रतिक्षा गर्दा तिनीहरुलाई तलतिर बहाना दिन्छौं ।

नानीहरुले आफ्नो उमेरसमूहमा निर्भर हुँदै पानीमा बगाउन सबैप्रकारको कागजी डुंगाहरु बनाउन सक्नेछन । (विभिन्न विचारहरुको लागि तस्विरहरु हेर्नुहोस) कक्षाकोठामा खोला देखाउनको लागि एउटा सानो स्विमिङ पुल राख्नुहोस । तपाईंले खोला रहेको जस्तो गर्न एउटा निलो कपडा पनि ओछ्याउन सक्नुहुनेछ ।










## भोटिङ

विद्यार्थीहरुलाई भोटिङ चार्टको वरपर जम्मा गर्नुहोस र प्रश्न र दुई सम्भावित छनौटहरु परिचित गराउनुहोस । प्रत्येक बालबालिकाले आफ्नो विचार छान्दै, चार्टमा आफ्नो उमेर समूहको भागमा हस्ताक्षर गर्नेछन । तपाईंलाई मन लागेमा तपाईंले भोटिङको लागि स्टिकर पनि प्रयोग गर्न सक्नुहुनेछ ।

क. जोसेफले राजाको कप सम्हाल्नेसँग सम्पर्कमा रहन एक तरिका पत्ता लगाउनुपर्थ्यो, जस्तो कि उसको फोन नम्बर पाउने वा उसलाई सिपाहीको साथमा एक पत्र पठाउने । यदि उसले कडा प्रयास गरेको भए ऊ छिटो बाहिर आउने थियो ।

ख. जोसेफले धैर्य रहेर आफुलाई अह्राएको कुनैपनि काम गरिरहनु र पर्खनु ठिक थियो, यो थाहा पाएर कि कुनै दिन प्रभुले कृपा गरेर उसले किशोरावस्थामा देखेका ति सपनाहरु पूर्ण गर्नुहुने थियो ।

FROZEN GAMES

# फ्रोजन खेलहरु



१. हिंस्रक जनावरको शिकार

कपासका डल्लाहरु ठाउँ ठाउँमा लुकाउनुहोस् । बच्चाहरु सबैतिर गएर "हिउँका डल्लाहरु" (कपासका डल्लाहरु) जम्मा गर्न जानेछन् ।



२. हिउँको डल्लो आउनु

बच्चाहरुलाई एउटा लाईनमा बस्न लगाउनुहोस् । बच्चाहरुले स्ट्को मद्दतले कपासला डल्लाहरु चुसेर त्यसलाई समापन रेखा तिर लग्नेछन् । एक पटकमा ५-१० जना सम्म खेल्न सक्नेछन् र प्रत्येक टोलीका बिजेताहरु फाईनल राउण्डमा भिड्नेछन् ।





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.




# क्याबिन शिल्प कला दिन ४

## चित्रको फ्रेम



निर्देशनहरुः
१.प्रत्येक बच्चालाई फोम वा चित्रको फ्रेम दिनुहोस्, र फ्रेमका लागी पेपर ब्याक पनि । यदी बच्चाहरु संग राख्नका लागी फोटो छैन भने, पहाडहरु वा स्नो फ्लेक्सहरु बनाई रंग भर्न लगाउनुहोस् ।
२.पेपर ब्याकमा तीन ठाउँमा ग्लू लगाउनुहोस्, चौथो ठाउँबाट फोटो भित्र पठाउनलाई यत्तिकै छोडेर ।
३.चित्रको फ्रेममा " सिमितता नभएको गन्तव्य" भन्ने शब्दहरु टाँस्नुहोस् ।
४.चित्रको फ्रेममा ५ ओटा स्नो फ्लेक्सहरु टाँस्नुहोस् ।
५.पछाडि पट्टी घुम्रिएको रिबन टाँसेर झुण्ड्याउन मिल्ने बनाउनुहोस् । यसलाई सुक्नका लागी छोडिदिनुहोस् ।

# स्की कक्षा









## विद्यार्थीको क्रियाकलाप पृष्ठ

क्रियाकलापका पृष्ठहरु बाँड्नुहोस् । पजलहरु हल गर्नुहोस् । पानालाई नाडीमा बाँध्ने सरह पट्याउनुहोस्, सम्झिनु पर्ने हरफहरु देखिने गरी । त्यसलाई यहाँ देखाए जस्तै बच्चाको नाडीमा टेपले टाँस्नुहोस् । अब तिनीहरुले पाठ आफूसंग घर लान सक्नेछन् ।

## उत्तरहरु











साथीसंग मिलेर सबै भन्दा धेरै चारकुने कोठाहरु भर्न खेल्नुहोस् । पालै संग डटहरुका माझमा धर्काहरु कोर्नुहोस् । तपाईले कोठा पूरा गरेपछी आफ्नो नामको सुरुवाती अक्षर लेख्नुहोस् र त्यस पछी थप एक पालो लिनुहोस् । जब सबै बाकसहरु भरिनेछन्, जसको सब भन्दा धेरै कोठाहरु हुनेछन् , त्यही बिजयी हुनेछ ।



# प्रभुलाई धन्यवाद दिनुहोस्

## चुचुरो / जोसेफका सपनाहरु पूरा भए

जेनिसिस ४१:१४-४०, ४१:५३-५७, ४२:१-६

## नाटकहरु: चुचुरो

आज मुस र खरायोले ब्ल्याक डबल डाईमण्ड भन्ने सबै भन्दा गाह्रो ओरालो झर्दैछन्, पहाडको चुचुरो देखि सुरू गरी ! खरायो अति उत्साहित हुन्छ कि दुबैजना माथी तिर सुरुको बिन्दु तिर जाँदा आफूलाई रोक्नै सक्दैन । खरायोले उत्सुकता पूर्वक हरेक चीजहरु, जस्तै रुख वा बादलहरुलाई देख्ने बित्तिकै तिनीहरुलाई देखाएर "ओहो! त्यो हेर्नुहोस् त!" भनी भन्छ । मुसले "त्यो त केवल रुख हो ।" वा "त्यो त केवल चरा हो ।" वा "त्यो त तिम्रो खुट्टा हो ।", आदि भनेर जवाफ दिन्छ । खरायो गलत दिशा तिर गई राख्छ र मुसले उसलाई सही बाटो तिर डोर्याएर ल्याउँछ । जब उनीहरु भिरालोको माथी पुग्दछन्, उनीहरु धेरै माथी पुग्छन् र सबै तिर देख्न सक्छन् र पहाडको तल सम्म पनि देख्छन् । अब खरायो डराउँछ र खुट्टा लगलग काम्न थाल्छन् । उसले सबै घुम्तीहरु, रुखहरु र जटिल मोडहरु देख्छ । खरायो अब पक्का हुँदैन कि ऊ तयार छ कि छैन र चुचुरो सम्म पुग्न चहान्छ कि चाहँदैन । "आमा!" ऊ चिच्याउँछ । मुसले उसलाई सम्झाउँछ कि उसले धेरै देखि सपना देखेको यही हो । खरायोले भन्छ, "तर यो ता अति गाह्रो जस्तो देखिन्छ!" मुसले हाँस्दै भन्छ, "मलाई विश्वास गर र मैले भने जस्तै गर, र तिमीले चुचुरो चढ्ने छौ ।" उसले खरायोलाई पहिला चढेका र झरेका सबै ओरालाहरुका बारे सम्झाउँछ, कसरी तिनीहरु झर्न गाह्रो थिए र उनीहरुले यस भन्दा अघि नै पहराबाट झरेको, जंगलबाट गएको, अप्ठ्यारा कुना र उचाईबाट झरेको अनि खरायो अब हरेक प्रकारका ठाउँमा स्की गर्न सक्षम भएको बारे । उसले केवल अब ध्यान दिएर स्की गर्दै जानु पर्छ र मुसले तालिम दिएको जस्तै गर्दै जानु पर्छ । मुस पनि ऊ संगै स्की गर्दै जानेछ र के के गर्नु पर्ने हो सम्झाउँदै जानेछ । "तयार छौ?" मुसले सोध्छ । "म-म... पक्का छैन.... ओह!" खरायो भन्छ । जसै दुबैजना ओरालो झर्न थाल्छन्, उनीहरु चिच्याउँछन्, "ल गयौं हामी!"



## बाईबलका हरफहरु

तब म तपाईंलाई तपाईंका जनहरूका सभामा धन्यवाद चढाउनेछु, तिनीहरू सबैको अघि म तपाईंको प्रशंसा गर्नेछु।
भजनसंग्रह 35:18

## मुख्य पाठ: प्रभुलाई धन्यवाद दिनुहोस्

"सीमारहित गन्तव्य" भीबीएसको अन्तिम दिनमा स्वागत छ ! हामीले कसरी तपाईंको लागि प्रभुले ठुला सपनाहरु राख्नुभएको छ भनि कुरा गरिरहेका छौं । प्रभुमार्फत एक दृष्टि वा सपना पाउनु र एकदिन त्यो साकार हुने थाहा पाउनु उत्साहजनक छ । यद्यपि, समस्या भनेको हामीले त्यसलाई तुरन्तै चाहन्छौं । हामीले प्रभुबाट बोलावट पाएको एक साता पछि मात्र प्रभुको आशिर्वादको लागि हेर्ने गर्छौं । त्यसपछि हामीले कसरी प्रभुले यो गर्नुहुनेछ भनि आश्चर्य मान्छौं, र अधैर्य हुन्छौं !

हामीले यस भीबीएस भरी जोसेफको बारेमा कुरा गरिरहेका छौं, र थाहा पायौं कि वहाँको सपनाहरु तुरन्तै साकार भएका थिएनन् । खासमा, वहाँले प्रभुमार्फत सपना पाउनुभएपछि, हामीले अझै केहि सुनेका छैनौं मात्र मुस्किल र कठिनाईहरु ! वहाँको सपना पछि तपाईंलाई कति वर्षको पिडा जस्तो लाग्छ ? केटाकेटिहरु, तिमीहरुले आज जोसेफलाई भेटेपछि सोध्नु पर्छ होला ! प्रभुले वहाँलाई वाचा गर्नुभएका आशिर्वाद र नेतृत्वहरु कहाँ छन ? जोसेफको लागि जस्तै, प्रभुसँग हाम्रो जीवनको लागि पनि विशेष योजनाहरु छन ।

जब हामीले हाम्रो मुटु र जीवन वहाँलाई दिन्छौं, प्रभुले त्यो लिनुहुनेछ र केहि आश्चर्यजनक कुराहरु गर्नुहुनेछ । यद्यपि, प्रभुले हामी भित्र आफ्नो कार्य गर्नुहुन वर्षौं लाग्न सक्छ । हो, हप्तौं होइन वर्षौं ।

प्रभुले हामी बाहिरीरुपमा को हौं भन्दापनि भित्रिरुपमा को हौं भनि ध्यान दिनुहुनेछ । प्रभुले हामीलाई अगाडीका थुप्रै कुराहरुको लागि तालिम दिन चाहनुहुन्छ । वहाँले हामीलाई अरुलाई आशिर्वाद प्रदान गर्नेको लागि प्रयोग गर्न चाहनुहुन्छ, यदि तपाईंले चाहनुहुन्छ भने ।



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.



यद्यपि, प्रभुको राज्यमा माथिको बाटो सधैं तलतिर हुनेछ ।
प्रभुले हाम्रो लागि तयार गर्नुभएको शिखरमा पुग्नको लागि हामी चढ्छौं, परिश्रम गरेर पसिना झाछौं, र वर्षौं लाग्छ ।
त्यसपछि एक चमत्कारी दिन, हामी आरोहणको शिखरमा पुग्नेछौं !
हामीले त्यहाँ पुगेपछि के गर्नुपर्छ ? हामीलाई यति परसम्म ल्याउनुभएकोमा प्रभुलाई धन्यवाद दिऔं, र त्यसपछि शिखरको सुन्दरतामा हेरौं । यो चकित पार्ने खालको हुनेछ, र त्यो स्वच्छ हावा । प्रभुलाई धन्यवाद दिनको लागि एक पल लिनुहोस् ।
यद्यपि, हामीले वरपर हेरीरहँदा, त्यहाँ एक आश्चर्य हुनेछ । तपाईले यसलाई विश्वाश गर्नुहुने छैन, तर शिखरबाट, हामीले हाम्रो लागि अर्को पहाड उपलब्ध रहेको देख्नेछौं ! त्यो ठिक हो । एउटा पहाडको शिखरबाट, हामीले अर्को पहाडको बेस क्याम्प हेर्न सक्छौं !
यसले नै प्रभुको सीमारहित गन्तव्य बनाउछ ! यदि हामीले चाहेमा, हामीले सिकेर बढ्दै गर्दा वहाँले हामीलाई माथि लगीरहनुहुन्छ । त्यो पुरा समय, हाम्रो विकाश र उपलब्धिहरु हामीले अरुलाई आशिर्वाद दिनसक्ने सम्मका हुनेछन ।
अब हामी हार नमानौं, तर आरोहण जारी राखौं, प्रभुसँग हाम्रो लागि रहेका सीमारहित योजनाहरुको लागि वहाँलाई पच्छ्याउदै । त्यसपछि जब वहाँले तपाईंलाई आरोहणको लागि अर्को पहाड देखाउनुहुन्छ, यो नबिर्सनुहोस कि माथि जाने बाटो संधै तलतिर हुनेछ !



### मुख्य बुँदा
प्रभुलाई धन्यवाद दिनुहोस्

# रोटेसन स्टेसनहरु

## चुचुराको रेष्टुरेण्ट

दिन ५





आज हामी चुचुरोमा पुग्दछौं ।
अब हामीले यो दौरान सिकेका कुराहरु याद गर्न पहाडको श्रृंखला बनाऔं ।

जुटाउनु पर्ने सामग्रीहरुः
पहाडको चुचुरोको आकारमा काटेको तरभुजा
१ बट्टा व्हिप्ड क्रिम




निर्देशनहरु:
व्हिप्ड क्रिम "हिउँ" तरभुजा "पहाडको चुचुरा"मा छर्किनुहोस् ।

### अतिरिक्त विचारहरु



जुटाउनु पर्ने सामग्रीहरुः
रोटि वा पाउरोटि, पहाडको आकारमा काटेको
माथी राख्ने सामग्री जस्तै नाचोज् चिज स्प्रेड, साल्सा, बोडिहरु, एभोकाडो, वा सावर क्रिम, हिउँ वा बादल बनाएर पहाडको चुचुरा बनाउनका लागी

निर्देशनहरुः
आफ्नो कल्पनाको आधारमा पहाडको श्रृंखला बनाएर खाजाको लागी तयार पार्नुहोस्, तपाईका विद्यार्थीले खान मन पराउने वा तपाईको क्षेत्रमा सजिलै उपलब्ध हुने टपिंगहरु राखेर ।





www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# बाईबलको पहाड

जोसेफका सपनाहरु पूरा भए
(जेनिसिस ४१:१४-४०, ४१:५३-५७,
४२:१-६)

## जोसेफ:

आदर केटाकेटिहरु !
तपाईंको भीबीएसको अन्तिम दिनमा तपाईंहरु माझ फेरी आउनु पाउँदा राम्रो लग्यो । के तपाईं रमाइलो गर्दै हुनुहुन्छ ? मलाई थाहा छ कि मा रमाइलो गर्दै छु !
प्रभुले मलाई ति तारा र गहुँहरुले मेरो सामु शिर झुकाएका सपना दिनुभए पश्चात, मैले पिडा र समस्याबाहेक केहि अनुभव गरेको छैन । मैले प्रभु रे मेरा गुरुहरु सामु वफादार रहने प्रयास गर्दागर्दै पनि, नयाँ कठिनाईहरु आईरहन्थे । मैले आश्चर्यमाने, "प्रभुले किन मलाई नै पहिले ति सपनाहरु दिनुभयो ? किन प्रभुले मलाई मेरो भविष्यको लागि आशिर्वाद दिने ठुलो सपना दिनुभयो जबकी मा १७ वर्षको मात्र थिए, र त्यसपछि वर्षौं कुर्नुपर्थ्यो ?" त्यसपछि एकदिन, जब मा ३० वर्षको भए, यो सफल भयो ! अन्तत आशिर्वादहरु मेरो लागि आए !
तपाईंले सोच्न सक्नुहुन्छ कि मैले कति वर्ष माथि चढ्नुको सट्टा तलतिर गए ? प्रभुले मलाई सपना दिनुहुँदा म १७ वर्षको थिए, र तिनीहरु साकार हुँदा म ३० वर्षको थिए । (१३ वर्ष)
त्यसपछि एक तातो मध्येदिनमा, मा जेलमा थिए र थुप्रै कुराको संचालक थिए, तर छोड्न अनुमति थिएन; जब अकस्मात कोहि मलाई सोध्दै आइपुगे !
फराओले प्रभुबाट केहि सपनाहरु पाएका थिए, र कसैले पनि उनलाई त्यो वर्णन गर्न सकेनन । उनले आफ्नो सपनामा, त्यहाँ ७ दुब्ला र ७ मोट गाई थिए, साथै ७ राम्रा अन्नका दाना र ७ काम नलाग्ने अन्नका दाना थिए । चियावालाले मलाई सम्झियो, र फराओलाई मेरो बारेमा भन्यो । उसले मलाई जेलबाट बाहिर ल्यायो, र मैले नुहाएर कपडा फेरेपछि मलाई उनको सामु लगियो । प्रभुले मलाई उनको सपनाका अर्थ दिनुभयो र मैले फराओलाई भने कि इजिप्टमा ७ वर्ष प्रसन्नता हुनेछ, त्यसपछि ७ वर्ष अनिकाल । केटाकेटिहरु, तिमीहरुले के भयो भनि विश्वाश गर्नेछैनौ ! फराओले मलाई संचालक बनाए ! मेरो पिडा सकिएको थियो ।
छिट्टै मेरो एक सुन्दर पत्नी, एउटा राम्रो घर भयो, र मा पुरै इजिप्टको संचालक थिएँ । मैले मेरो जीवनमा यी कुरा कहिले पनि कल्पना गरेको थिईन । मैले ७ राम्रा वर्ष अन्नका दानाहरु जम्मा गरेर पछिको लागि सुरक्षित राखेर बिताएँ । त्यसपछि अनिकाल लाग्यो, र थुप्रै देशहरुको लागि यो एकदम कठिन थियो । मानिसहरुले खानाको लागि सबैतिर यात्रा गरे, र हामीसँग मात्र अन्न उपलव्ध थियो ।
तपाईंहरुले यो पत्याउनु हुनेछैन, तर मेरा आफ्नै दाजुभाईहरुले खानाको लागि इजिप्ट आउनको लागि धेरै यात्रा गरे । राम्रोदिन आइपुग्यो, र त्यहाँ उनीहरु मेरोसामु शिर झुकाउदै थिए । इजिप्टमा म एकदम महत्वपुर्ण लिडर थिए, फराओ पछि दोस्रो, र त्यहाँ मेरा दाजुभाईहरुले मेरोसामु घुँडा टेकीरहेका थिए !
अन्तत मेरा सपनाहरु पुरा भएका थिए, र यसको लागि २० वर्षमात्र लाग्यो ! मैले अतित सम्झिदा ति १३ वर्षका महशुस एकदम कठिन थिए ।
अनिकालको बेलामा ति सबै जीवनहरु बचाउन मलाई प्रयोग गर्नुभएकोमा प्रभुलाई धन्यवाद दिन्छु , र मलाई पुन मेरो परिवारसँग जोड्नुभएकोमा प्रभुलाई धन्यवाद दिन्छु ।

## शिक्षक:

केटाकेटिहरु, कृपया ताली बजाउंदै जोसेफलाई एक न्यानो अभिवादन दिनुहोस, यस साता हाम्रो भीबीएसमा आउने वहाँको चाहनाको लागि, र मनदेखि कुराहरु बाँड्नुभएको मा ।
तपाई र म सँग ठुला सपना छन, जोसेफको जस्तै । यद्यपि, हामीले कहिलेपनि त्यो पुरा हुन २० वर्ष लाग्ने अपेक्षा गर्दैनौं ! हामीले प्रभुलाई विश्वाश गर्नसक्छौं, र थाहा छ कि वहाँले एक दिन हाम्रो सपना पुरा गर्नुहुनेछ, र हामीलाई अझै धेरै पनि दिन सक्नुहुन्छ । यसले नै प्रभुको सीमारहित गन्तव्य बनाउँद छ ! हामीले चाहेमा, हामीले सिक्दै गर्दा, वहाँले हामीलाई माथि तान्दै अगाडी बढाउनुहुनेछ । पुरा समय, हाम्रो उपलव्धि अरुलाई आशिर्वाद दिने हुनेछ, जस्तो कि जोसेफको सपना पुरा देशलाई अन्नसहित राख्ने थियो ।
यस साता हामीलाई भ्रमण गर्नुभएकोमा धन्यवाद जोसेफ !



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.



## गतिविधि:



आजको गतिविधिमा विद्यार्थीहरुले पहाडको शिखरमा राख्नको लागि रमाइला साना झन्डाहरु बनाउनेछन । एउटा पहाडको पोस्टर बनाउनुहोस, शिखरमा धेरै ठाउँ भएको । विद्यार्थीहरुलाई साना त्रिकोण झन्डाहरु बनाउन भन्नुहोस । झन्डाको लागि ठाउँ हुनु जरुरी छैन, जबकी उनीहरुले झन्डालाई कागजमा टेपले टाँस्ने छैन । विद्यार्थीहरुले धन्यवादको एक प्रार्थना गाउन सक्छन, वा उनीहरुले शिखरमा आफ्नो झन्डा गाड्दा "धन्यवाद भगवान" भन्न सक्छन ।

## भोटिङ




विद्यार्थीहरुलाई भोटिङ चार्टको वरपर जम्मा गर्नुहोस र प्रश्न र दुई सम्भावित छनौटहरु परिचित गराउनुहोस । प्रत्येक बालबालिकाले आफ्नो विचार छान्दै, चार्टमा आफ्नो उमेर समूहको भागमा हस्ताक्षर गर्नेछन । तपाईंलाई मन लागेमा तपाईंले भोटिङको लागि स्टिकर पनि प्रयोग गर्न सक्नुहुनेछ ।

क. जोसेफले आफ्ना दाजुभाईलाई उनीहरुको पहिलेका कार्यको पछुतो गर्न र आफ्नो सपनामा जस्तै आफुलाई शिर निहुराएर सम्मान गर्नको लागि जोड गर्नुपर्दथ्यो । उसले उनीहरुसँग पनि एउटा मौका पाउने थियो र उनीहरुले यसलाई कति मन पराए भनि हेर्न उसले त्यो मौका लिनुपर्थ्यो ।
ख. जोसेफले फराओलाई आफ्नो सपनाका अर्थ भनेर ठिक कुरा गर्यो, राज्यलाई आउदै गरेको खडेरीको लागि तयार गर्न, र विदेशीलाई आफुसँग पिठो किन्न अनुमति दिंदै उनीहरुलाई भोकमरीबाट बचाउन ।




FROZEN GAMES

# फ्रोजन खेलहरु

## उत्सवको दिन

बिद्यार्थीहरुलाई यी ५ बिभिन्न स्टेसनहरुमा जान दिई यी खेलहरु खेल्न लगाउनुहोस् । खेललाई अझ रोचक बनाउन बुथहरु बनाएर त्यहाँबाट खेलका लागी टिकटहरु पनि "बेच्नुहोस्" ।

•रिंगहरु मुसको सिंगमा पर्ने गरी फ्याँक्न लगाउनु



•"हिउँका डल्लाहरु" खरायोको पेटको प्वालमा फ्याँक्नुहोस् । (धेरै प्वालहरु बनाउनुहोस्, साना प्वालमा खसालेमा धेरै अंक प्राप्त हुनेछन् ।)

•हिउँमा माछा मार्ने, चुम्बकको माछा मार्ने बल्छी र पेपर क्लिपका माछा बनाएर । (चुम्बकमा माछा टाँसिन्छन् को टाँसिदैन भनेर पहिला जाँच्नुहोस् ।)

•"हिउँका डल्ला"ले खाली कोकका सिसीहरु ढाल्नुहोस् । पहिलेनै कोकका सिसीहरु वा खाली कफीका प्लाष्टिकका कपहरु सिंगार्नुहोस् । काजगका डल्लाहरुले हानेर तिनीहरु ढाल्नुहोस् । सुरूमै हेर्नुहोस् कि तपाईका कागजका डल्लाहरु सिसी ढाल्न सक्ने गरी गह्रंगो छन् कि छैनन् भनेर ।

•अनुमान लगाउने स्टेसन । विद्यार्थीहरुले अनुमान लगाउनेछन् कि सिसी वा बट्टामा कति ओटा गमबल (चुइँगमका डल्ला) वा अरु चकलेटहरु छन् भनी ।













www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.

# क्याबिन शिल्प कला

दिन ५

## हिउँ परेको पहाडको दृष्य



निर्देशनहरुः
१.प्रत्येक बच्चालाई कुनै दृष्यको खाली चित्र दिनुहोस् । त्यसमा रंग भर्न लगाउनुहोस् । बच्चाहरुले आफ्नो ईच्छामा केही रुखहरु, पहाडहरु, बादलहरु र मान्छेहरु पनि बनाउन सक्नेछन् ।
२.प्रत्येक बच्चालाई ४ ओटा बादलहरु, १ ओटा ठूलो रुख र २ ओटा साना रुखहरु दिनुहोस् ।
३.बादलहरु रुखहरु दृष्यको खाली चित्रमा टाँस्नु भन्दा अगाडि बिचमा ठाडो हुने गरी पट्याउनुहोस् । पट्याएको ठाउँबाट अन्य टुक्राहरु टाँस्नुहोस् र ३ डी जस्तो बनौट दिनका लागी आवश्यक रुपमा मिलाउनुहोस् ।


# स्की कक्षा

## विद्यार्थीको क्रियाकलाप पृष्ठ





क्रियाकलापका पृष्ठहरु बाँड्नुहोस् । पजलहरु हल गर्नुहोस् । पानालाई नाडीमा बाँध्ने सरह पट्याउनुहोस्, सम्झिनु पर्ने हरफहरु देखिने गरी । त्यसलाई यहाँ देखाए जस्तै बच्चाको नाडीमा टेपले टाँस्नुहोस् । अब तिनीहरुले पाठ आफूसंग घर लान सक्नेछन् ।

## उत्तरहरु










साथी संग मिलेर तपाईका विद्यार्थीहरुलाई पालै संग कथा नपढी शब्दहरु भर्न लगाउनुहोस् । त्यसपछी उनीहरुले तल दिईएका निलो बाकसहरुमा निम्न शब्दहरु कथामा लेख्नेछन् । शब्दहरु कथाका लागी मिल्नु पर्छ भन्ने छैन, र जति मिल्दैन त्यति नै यो क्रियाकलाप रमाईलो हुनेछ ।

१) स्थान ______________________


२) नाम, बहुबचन ____________________

सम्म चढ्नु एक बटुको ______________________
(स्थान)
सम्म चढ्नु एक बटुको ________________...
(नाम, बहुबचन)

- नाम: कुनै व्यक्ती, स्थान, जनावर वा वस्तु जनाउने शब्द । बहुबचन मतलब एक भन्दा धेरै
- विशेषण: कुनै विशेषता जनाउने शब्द, जस्तै: राम्रो, ठूलो र मूर्ख
- क्रिया: काम जनाउने शब्द, जस्तै: गाउनु, खानु, वा दौडनु



www.ChildrenAreImportant.com – Children's ministry resources, Sunday School, and Vacation Bible School (VBS) curriculum for churches and teachers.




सारा कार्यक्रम अनलाइनमा निशुल्क डाउनलोड गर्नुहोस र आफ्ना शिक्षकहरुलाई यस भीबीएस का निम्ति उत्साहित बनाउनुहोस ! यी सम्पूर्ण सामग्रीहरु हाम्रो "सीमारहित गन्तव्य" वेबसाइटमा पत्ता लगाउनुहोस:

www.ChildrenAreImportant.com/destination





सरल (४-६ बर्ष सम्म) | मध्यम (७-९ बर्ष सम्म) | कठीन (१०-१२ बर्ष सम्म)

हामी मेक्सिकोमा छौं: ५२-५९२-९२४-९०४१
info@ChildrenAreImportant.com

नानीहरू महत्वपूर्ण छन्

## विद्यार्थी गतिविधि पानाहरु

प्रत्येक ह्यान्डआउट पानाको अगाडी र पछाडी टन्न गतिविधि हुन्छन । जब पहेलीहरु सकिन्छन, यसलाई दोबार्नुहोस र यसलाई माथिपट्टि सम्झने पद देखाएर विद्यार्थीको नाडीमा ब्रासलेट जसरी बाँध्नुहोस ।





## निर्देशक पुस्तिका

यस भीबीएसका सम्पूर्ण जानकारी यस एउटा किताबमा पाउनुहोस ! - तालिका, स्वयंसेवकहरु, पाठहरू, र अतिरिक्त विचारहरु ।

## निमंत्रणा पोस्टर

भी बी एस मा अझ धेरै नानीहरूलाई आमंत्रित गर्नुहोस। यस पोस्टर आफ्नो छरछिमेकमा लगाउनुहोस।




## निमंत्रणा पचा

यी पर्चा द्वारा अझ धेरै नानीहरूलाई निमंत्रणा दिनुहोस ताकि उनीहरूले येशुको बारेमा सुन्न सकून्।





## पकेट गाइड

प्रत्येक पाठको सामान्य जानकारी रहेको यस पुस्तिका आफ्नो भीबीएस का सम्पूर्ण लिडरहरुलाई दिनुहोस ।



## मिशन प्याक




आफ्ना नानीहरुलाई मशिनको बारेमा उत्साहति बनाउनुहोस !
- ५ रंगनि पोस्टरहरु
- वभिन्नि भाषाहरुमा ५ गतविधि पानाहरु
- मशिनहरु प्रदान गर्नको लाग ि चन्दा बाकस

छान्नुहोस - भारत वा ल्याटिन अमेरिका ।






## भोटिङ प्याक

आफ्ना विद्यार्थीहरुलाई यी भोटिङ पोस्टरहरुको साथमा उनीहरुको विचारहरु व्यक्त गर्न दिनुहोस ।




## संगीत सिडी र डिभिडी




यस भीबीएस को लागि डिजाइन गरिएको हाम्रो मौलिक संगीत र नृत्यमार्फत आफ्नो भीबीएस उत्साहजनक बनाउनुहोस ! यी गीतहरु अनलाइनबाट डाउनलोड गर्नुहोस र युट्युबमा भिडियो हेर्नुहोस ।




गीतहरु यस समयमा अंग्रेजी र स्पेनिसमा मात्र छन ।




## प्रमाणपत्र

नानीहरूलाई यस प्रमाणपत्र द्वारा भी बी एस मा भाग लिएकोमा पुरस्कृत गर्नुहोस।

## विशाल पृष्ठभूमि

पीडीएफ डाउनलोड गर्नुहोस र एक प्रिन्ट गरिएको टार्प अर्डर गर्नुहोस
सुचित आकारहरु: ४x२ मी वा ३x१.५ मी
थप सजावट विचारहरु हाम्रो वेबसाइटमा हेर्नुहोस ।

## शिल्पहरु

नानीहरुले शिल्प मन पराउछन ! यो भीबीएस ५ शिल्पहरुको समूहमा आउँछ, एक दिन १, शैलीहरु सहित । नानीहरुले प्रत्येक दिन पाठलाई मजबुत बनाउदै मजा लिनको लागि स्थानीय रुपमा तयार रहेका उपलब्ध सामग्रीहरु प्रयोग गर्नुहोस ।






# के तिमी तैयार छौ..........

# विजेता बन्न?




www.ChildrenAreImportant.com/champions

Manual Destination
Nepali

40002

www.ChildrenAreImportant.com
info@childrenareimportant.com
We are located in Mexico.
DK Editorial Pro-Visión A.C.

नानीहरू महत्वपूर्ण छन्